विशेष आर्थिक क्षेत्र भैरहवाको आन्तरिक मूल्याङ्कन प्रतिवेदन

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरवार, काठमाण्डौं

फागुन, २०७६

www.npc.gov.np

मूल्याङ्कन समूह

रामकुमार फुयाल, पि.एच.डी
संयोजक
माननीय सदस्य, राष्ट्रिय योजना आयोग

श्री किशोर जोशी
सदस्य
सहसचिव, राष्ट्रिय योजना आयोग

श्री नरहरि घिमिरे
सदस्य
कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग

श्री देवी पाण्डे (खत्री)
सदस्य
कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग

श्री ऋतु पन्थ
सदस्य
उपसचिव (तथ्याङ्क), उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

श्री सुन्दर थापा
सदस्य
उपसचिव, विशेष आर्थिक क्षेत्र प्राधिकरण

श्री मदनप्रसाद पोखेल
सदस्य
तथ्याङ्क अधिकृत, राष्ट्रिय योजना आयोग

श्री रमेश पाण्डेय
सदस्य
योजना अधिकृत, राष्ट्रिय योजना आयोग

श्री लक्ष्मण भट्टराई
सदस्य
ईन्जिनियर, विशेष आर्थिक क्षेत्र प्राधिकरण

कार्यकारी सारांश

नेपालको आर्थिक वृद्धिका लागि कृषि तथा वन, खानी तथा उत्पादनमूलक उद्योग, विद्युतीय ऊर्जा, निर्माण, पर्यटन, यातायात तथा सूचना प्रविधि, शिक्षा र स्वास्थ्य प्रमुख हस्तक्षेपका क्षेत्र हुन्। यी क्षेत्रमा भएको लगानीको कारण अर्थतन्त्रका अन्य समष्टिगत क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्न गई लक्षित आर्थिक वृद्धि हुदै आर्थिक विकास सम्भव छ। वर्तमान पन्ध्रौं योजना अवधिमा औसत ९.६ प्रतिशतको वार्षिक आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ। यसका लागि उद्योग क्षेत्रमा १८.१ प्रतिशतको औसत वृद्धि हुने अनुमान रहेको छ। उल्लेखित आर्थिक वृद्धि हासिल गर्नको लागि समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै लगानी आकर्षण तथा परिचालन गर्न अनिवार्य हुन्छ।

पन्ध्रौं आवधिक योजना, दीर्घकालीन सोच, वि.सं. २१०० र दिगो विकास लक्ष्य सन् –२०३० ले तय गरेका उद्देश्य तथा लक्ष्यहरु हासिल गर्ने एउटा सशक्त माध्यम औद्योगिक क्षेत्रको विकास र विस्तार नै हो। यसका लागि राज्यले विभिन्न नीतिगत, संस्थागत तथा कार्यक्रमगत व्यवस्था गरेको छ। विशेष आर्थिक क्षेत्रको स्थापना यसैको उपज हो।

निर्यातयोग्य उद्योगको विकास एवं निर्यात प्रवर्धनको माध्यमबाट मुलुकमा औद्योगिकीकरणको प्रकृया अगाडि बढाई आर्थिक विकासको गतिलाई तिव्रता प्रदान गर्न, स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न, एकद्वार इकाइबाट सेवा उपलब्ध गराउन, निर्यात बढाई व्यापार घाटा न्यूनीकरण गर्न, रोजगारी सृजना गर्न, विदेशी वजारमा स्वदेशी उत्पादनको पहुँच, पुऱ्याउन कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउन, स्थानीय कच्चा पदार्थ, स्रोत र साधनको उपयोग र प्रयोग गर्न र औद्योगिकीकरणको माध्यबाट समृद्ध अर्थतन्त्रको निर्माण गर्ने उद्देश्यले विशेष आर्थिक क्षेत्र, भैरहवाको नेपाल सरकारबाट २०७१।०८।०२ मा स्थापना, सञ्चालन र व्यवस्थापन गरिएको हो।

विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको निरीक्षण, अनुगमन एवं मूल्याङ्कन गर्नु राष्ट्रिय योजना आयोगको एक प्रमुख कार्य रहेको सन्दर्भमा यस प्रतिवेदनमा सोही विशेष आर्थिक क्षेत्रको आन्तरिक मूल्याङ्कन गरिएको छ। हाल कार्यान्वयनमा रहेको एक मात्र विशेष आर्थिक क्षेत्र, भैरहवालाई

नमुना विशेष आर्थिक क्षेत्रका रुपमा विकास र विस्तार गर्नका लागि संचालनमा आईपरेका समस्या, बाधा वा अवरोधलाई समाधान गरी चुनौतिलाई अवसरका रुपमा कसरी रुपान्तरण गर्न सकिन्छ भन्ने सुझाव दिने उद्देश्यले यो आन्तरिक मूल्याङ्कन गरिएको हो।

यस आन्तरिक मूल्याङ्कन दुई चरणमा गरिएको थियो। पहिलो चरणमा डेस्क अध्ययन गरिएको हो। डेस्क अध्ययन गर्दा आयोजनासंग सम्बन्धित राष्ट्रिय तथा क्षेत्रगत नीति, विद्यमान कानुन, आयोजना दस्तावेज, प्रगति प्रतिवेदन तथा यसभन्दा पहिले आयोजना सम्बन्धमा तयार भएका अन्य प्रतिवेदन तथा उपलब्ध भएसम्मका विवरणहरूको विश्लेषण गरिएको थियो। दोश्रो चरणमा आयोजनाको स्थलगत अवलोकन तथा निरीक्षण, विशेष आर्थिक क्षेत्रसंग सम्बन्धित सरोकारवालासंग अन्तरक्रिया तथा संवाद, निजी क्षेत्र, जानिफकारहरूसंग छलफल, समूह केन्द्रित छलफल, केस अध्ययन जस्ता विधिहरूको प्रयोग गरिएको थियो। यसरी अध्ययन गर्दा आयोजनाको सान्दर्भिकता, दक्षता, प्रभावकारीता, प्रभाव मूल्याङ्कन, दिगोपना, नतिजामूलक मूल्याङ्कन समेतको विश्लेषण गरिएको थियो।

विश्लेषणका क्रममा विशेष आर्थिक क्षेत्रले सोचेजस्तो र खोजेजस्तो उपलब्धि हासिल गर्न नसक्नुका केही कारणहरु पहिचान भएका थिए। यसो हुनुमा केही कानुनी तथा नीतिगत व्यवस्था, निजी क्षेत्रको कमजोर अवस्था र प्रतिस्पर्धी क्षमतामा अस्वस्थता संगै प्रशासनिक उदाशिनता जस्ता कारणहरु जिम्मेवार भएको यस आन्तरिक मूल्याङ्कनबाट पाइएको छ। ती कारणहरुलाई समस्याका रुपमा यस प्रतिवेदनमा बुँदागत पेश गरिएको छ।

विशेष आर्थिक क्षेत्रसंग सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्थामा देखिएका द्विविधाका सम्बन्धमा समन्वयात्मक रुपमा जानुपर्ने सुझाव यस प्रतिवेदनले दिएको छ। त्यसैगरी करका दर निर्धारण गर्दा विशेष आर्थिक क्षेत्र ऐनको मर्म बमोजिम कायम गर्ने, प्लटको लिजमा लिने भाडा दर रु. बीस प्रति स्क्वायर फिटलाई अन्तर्राष्ट्रिय र क्षेत्रीय राष्ट्रहरूको दररेटसंग तादात्म्यता हुनेगरी समयानुकुल गर्ने, उद्योग स्थापनाका सुरुका वर्षमा कराधार लचिलो बनाउने, एकद्वार प्रणाली, भन्सार रहित सेवा तथा भन्सार प्रक्रियामा सहजता ल्याउने, उद्योग संचालन गर्न आउने उद्योगीहरूले माग गर्ने आयोजना ऋणको प्राप्तिको सुविधालाई सरल र सहज बनाउने, श्रमिक अधिकार, औद्योगिक सुरक्षा तथा औद्योगिक श्रम

सम्बन्धलाई व्यावसायिक र वैज्ञानिक बनाउने, निजी क्षेत्रको प्रतिस्पर्धी क्षमतामा वृद्धि गराउन पहल गर्ने, जनशक्ति तथा कार्यालय व्यवस्थापनमा चुस्तता ल्याउने र प्रशासनिक सक्रियता बढाई सक्षमता हासिल गर्ने, यसका लागि समयानुकुल तालिम सहितका अन्य उत्प्रेरक तत्वहरूको व्यवस्था गर्ने जस्ता व्यवहारिक सुझावहरु समेत प्रतिवेदनमा औल्याईएको छ।

यसो हुन सकेमा विशेष आर्थिक क्षेत्र स्थापना गर्दा लिएका लक्ष्यहरु पूरा गरी सोचेजस्तो र खोजेजस्तो उपलब्धि हासिल गर्न सक्दछ र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न गई लक्षित आर्थिक वृद्धि हासिल गरी विशेष आर्थिक क्षेत्रको योगदानवाट नेपालको आर्थिक विकासमा धेरै टेवा पुग्दछ भन्ने निष्कर्ष यस आन्तरिक मूल्याङ्कन प्रतिवेदनको छ।

विषय सूची

मूल्याङ्कन समूह....ii

कार्यकारी सारांश....iii

विषय सूची....vi

परिच्छेद १ परिचय

१. मूल्याङ्कनः पृष्ठभूमि....१

१.२ आन्तरिक मूल्याङ्कनको आवश्यकता....२

१.३ विशेष आर्थिक क्षेत्र, भैरहवाको मूल्याङ्कन....३

परिच्छेद २ मूल्याङ्कन विधि

२.१ मूल्याङ्कनका आधार र विधिहरू....६

२.२ विशेष आर्थिक क्षेत्र मूल्याङ्कन विधि....८

परिच्छेद ३ आयोजनाको विकासक्रम र प्राविधिक तथा कानुनी अवस्था

३.१ पृष्ठभूमि....१०

३.२ विशेष आर्थिक क्षेत्रका अन्तर्राष्ट्रिय अभ्यासहरू....१०

३.३ नेपालमा विशेष आर्थिक क्षेत्रको विकासक्रम....११

३.४ विशेष आर्थिक क्षेत्र, भैरहवा....१३

३.५ कानुनी व्यवस्था....१४

३.६ आयोजना संभाव्यता अध्ययन गर्दा लिईएका आधारहरूः....१५

परिच्छेद ४ आयोजनाको मूल्याङ्कन र विश्लेषण

४.१ डेस्क अध्ययन....१६

क) कानुनी तथा संस्थागत संरचनाको अवस्था....१६

ख) भौतिक तथा वित्तीय प्रगति र निर्माणको अवस्था....१७

४.२ स्थलगत अध्ययन....२०

क) जग्गाको लिज तथा भाडाको अवस्था....२०

ख) संचालित उद्योगको अवस्थाको विश्लेषण....२१

४.३ सरोकारवाला संगको अन्तरक्रिया....२५

क) जग्गा भाडामा लिएर उद्योग स्थापना नगरेका उद्योगीहरूको अन्तरक्रिया....२६

ख) उद्योग नगरी दर्ता खारेज गरेका उद्योगीको केस अध्ययन.. २६

ग) स्थानीय बासिन्दाहरुको आयोजना बारेको राय...२८

घ) सेवा प्रदायकहरूसंगको छलफल २९

४.४ स्थापित उद्योगहरूको सामाजिक, पर्यावरणीय, सांस्कृतिक र अन्य पक्षहरू............................ ३२

४.५ भविष्यको योजना तथा उद्योग विविधीकरण रणनीति.. ३२

४.६ आयोजनाको औचित्यता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपना..................................३४

४.७ आयोजनाको सबल तथा दुर्बल पक्षहरू र अवसर तथा चुनौती.. ३७

५ निष्कर्ष तथा सुझाव

५.१ निष्कर्ष.. ३९

५.२ सुझाव ३९

अनुसूचीहरू

अनुसूची १ - भैरहवा विशेष आर्थिक क्षेत्रको गुरूयोजनाको तस्वीर ४५

अनुसूची २ - प्रश्नावली तथा छलफलमा सहभागीहरूको विवरण... ४६

अनुसूची ३ - विशेष आर्थिक क्षेत्र भैरहवाको संगठन संरचना तथा दरबन्दी तेरिज......................... ४८

अनुसूची ४ – संचालनमा आएका उद्योगहरुको सूची...४८

अनुसूची ५ – जमिन भाडामा लिएका तर संचालनमा नआएका उद्योगहरुको सूची ५१

अनुसूची ६ - अनुगमन तथा मूल्याङ्कनको क्रममा अन्तरक्रिया गर्दाका केही तस्वीरहरू......................५५

परिच्छेद १
परिचय

१. मूल्याङ्कनः पृष्ठभूमि

राष्ट्रिय योजना आयोगको एक प्रमुख कार्य विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको निरीक्षण, अनुगमन एवम् मूल्याङ्कन गर्नु रहेको छ। यसका लागि अनुगमन तथा मूल्याङ्कनका विधि एवम् प्रक्रियाको निर्धारण र अनुगमन सूचकहरू एवम् सूचनाका श्रोतहरूको विकास गर्ने कार्य आयोगले गर्दै आएको छ। यसका अतिरिक्त आयोगबाटै योजना, कार्यक्रम तथा आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, प्रगति समीक्षा गर्ने र यसबाट देखिएका विषयहरूलाई योजना तथा आयोजनाको तर्जुमाका क्रममा पृष्ठपोषणका रुपमा प्रयोग हुने गर्दछ। अनुगमन एवम् मूल्याङ्कनलाई व्यवस्थित गर्न राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ कार्यान्वयनमा रहेको छ।

संघ, प्रदेश तथा स्थानीय तहमा भएको पुनर्संरचना सहित पन्ध्रौं आवधिक योजना र दीर्घकालीन सोंचका लक्ष्यहरू र सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गरी मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नती हुने गरी अनुगमन तथा मूल्याङ्कनलाई समेट्ने गरी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ लागु गरिएको छ। नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई परिभाषित गर्नुका अतिरिक्त, सूचकहरू एवम् सूचनाका श्रोत, संस्थागत व्यवस्था र प्रगति प्रतिवेदन फारामहरू समेत दिग्दर्शनमा समेटिएको छ। व्यवस्थित, सरल, नतिजामूलक, विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका माध्यमबाट संघ, प्रदेश र स्थानीय तहमा दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन गर्न, नीति निर्णय प्रक्रियालाई तथ्यपरक बनाउन साथै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्न पनि अनुगमन तथा मूल्याङ्कनको भूमिका रहन्छ। कार्यान्वयन चरणमा रहेका वा सम्पन्न भएका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, दिगोपना तथा प्रभावहरूका सम्बन्धमा लैङ्गिकता तथा समताका दृष्टिले समेत आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले गरिएको कार्य नै मूल्याङ्कन हो।

१.२ आन्तरिक मूल्याङ्कनको आवश्यकता

राष्ट्रिय योजना आयोगको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्ययोजना अनुसार ७ वटा विकास आयोजनाको आन्तरिक मूल्याङ्कन गर्ने कार्यक्रम अन्तर्गत र उद्योग क्षेत्रसंग सम्बन्धित विशेष आर्थिक क्षेत्र, भैरहवाको आन्तरिक मूल्याङ्कन गर्ने भनी मिति २०७६/०९/१४ को राष्ट्रिय योजना आयोगको बैठकको निर्णयानुसार छनौट भएको हो। सोही निर्णय बमोजिम २०७६।१०।१७ देखि २०७६।१०।२१ सम्म (५ दिन) यस मूल्याङ्कन टोलीले विशेष आर्थिक क्षेत्र, भैरहवाको स्थलगत भ्रमणमा रही आन्तरिक मूल्याङ्कन गरेको थियो।

अर्थतन्त्रको संरचनागत रुपान्तरण गर्ने पन्ध्रौं योजना अवधिमा अर्थतन्त्रमा कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान १८ प्रतिशत पुर्याउने र दीर्घकालीन सोच अनुसार ३० प्रतिशत पुर्याउने लक्ष्य रहेको र उद्योग क्षेत्रको उत्पादन तथा निर्यात नबढाएसम्म उद्योगमा आधारित अर्थतन्त्रको विकास गर्न सम्भव नहुने हुँदा विशेष आर्थिक क्षेत्रको विशेष महत्व छ। हाल कार्यान्वयनमा रहेको एक मात्र विशेष आर्थिक क्षेत्र, भैरहवालाई नमुना विशेष आर्थिक क्षेत्रका रुपमा विकास र विस्तार गर्ने र निर्माणका क्रममा रहेका, अनुमति लिएका सम्भाव्यता अध्ययन र पूर्व सम्भाव्यता अध्ययन भएका विभिन्न विशेष आर्थिक क्षेत्र तथा औद्यिगिक क्षेत्रहरूको स्थापना विकास र विस्तार गर्नका लागि विशेष आर्थिक क्षेत्रको मूल्याङ्कनले थप सहजता र सहयोग पुर्याउने अपेक्षाका साथ विशेष आर्थिक क्षेत्र छनौट गरिएको हो।

विशेष आर्थिक क्षेत्रलाई प्रभावकारी रुपमा पूर्ण क्षमताका साथ प्रयोग र उपयोगमा ल्याउनका लागि हाल कार्यान्वयनमा रहेको भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन गर्दा आईपरेको समस्या, चुनौती, अवरोध जस्ता नकारात्मक पक्षहरूको अध्ययन पश्चात त्यस्ता कमजोरीहरूलाई केही हदसम्म भए पनि नयाँ स्थापनाका क्रममा रहेका अन्य विशेष आर्थिक क्षेत्रमा हुन नदिने र राम्रा पक्ष, सकारात्मक प्रभाव जस्ता पक्षहरूको अध्ययन र मूल्याङ्कन पश्चात त्यस्ता राम्रा पक्षलाई निर्माणको क्रममा रहेको र भविष्यमा निर्माण गरिने विशेष आर्थिक क्षेत्रहरूमा उदाहरणका रुपमा प्रयोगमा ल्याउन सकिने हुँदा भैरहवा विशेष आर्थिक क्षेत्रलाई आन्तरिक मूल्याङ्कन गर्ने आयोजनाको रुपमा छनौट गरिएको छ।

१.३ विशेष आर्थिक क्षेत्र, भैरहवाको मूल्याङ्कन

"निर्यात प्रवर्धनको माध्यमबाट मुलुकमा औद्योगिकीकरणको प्रकृया अगाडि बढाई आर्थिक विकासको गतिलाई तिब्रता प्रदान गर्नको लागि विशेष आर्थिक क्षेत्र स्थापना, सञ्चालन र व्यवस्थापन" गरिएको हो [१]। विशेष आर्थिक क्षेत्र ऐन, २०७३ बमोजिम गठन भएको विशेष आर्थिक क्षेत्र प्राधिकरणबाट सिफारिस भई नेपाल सरकारबाट मिति २०७१/०८/०२ मा विशेष आर्थिक क्षेत्र भैरहवाको स्थापना भएको हो।

विशेष आर्थिक क्षेत्र स्थापनाका उद्देश्यहरू निम्नानुसार रहेका हुन्छन्।

१. उद्योग स्थापना गर्न आवश्यक भौतिक पूर्वाधार जस्तै, विद्युत, सडक, पानी, ढल निकास आदिको व्यवस्था सरकारी तवरबाट गर्ने,

२. उद्योगी व्यवसायीहरूलाई एकद्वार प्रणाली मार्फत उद्योग स्थापना र आयात निर्यातसम्बन्धी सेवा जस्तै, बैंकिंग, विमा, भन्सार, उत्पादन प्रमाणीकरण, गुणस्तर परीक्षण, आयात निर्यात अनुमति जस्ता सेवा उपलब्ध गराउने,

३. विशेष आर्थिक क्षेत्रमा निर्यातयोग्य उद्योगहरू स्थापना गर्न सहयोग गरी निर्यात प्रवर्द्धन गरी व्यापार घाटा कम गर्ने,

४. स्थानीयस्तरमा रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्ने र

५. नेपाली कच्चा पदार्थको उपयोग गरी निर्यातयोग्य वस्तु उत्पादन गरी निर्यात गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

विशेष आर्थिक क्षेत्र निर्माणका मुख्यतः निम्नलिखित उद्देश्य रहेका थिए:

१. अन्तर्राष्ट्रिय बजारमा निर्यातमुखी वस्तु तथा सेवाको प्रतिस्पर्धी क्षमता विकास गर्ने,

२. प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने र

३. उद्योग स्थापनार्थ एकद्वार प्रणाली सञ्चालन मार्फत स्वदेशी र वैदेशिक पूँजी र आधुनिक प्रविधि आकर्षित गर्ने [१३]।

यी मुख्य उद्देश्यहरू हासिल गर्न आर्थिक क्षेत्र परियोजना अन्तर्गत विभिन्न भौतिक पूर्वाधार निर्माण र अन्य क्रियाकलापहरू रहेका छन्। यो आयोजनाको आन्तरिक मूल्याङ्कन गर्दा माथिका उद्देश्यहरू पूराभए नभएको र तिनको प्रभावकारीताका सम्बन्धमा विभिन्न श्रोत बाट तथ्यांक संकलन, परीक्षण, अन्तरक्रिया तथा छलफल गरिएको थियो। मूल्याङ्कनको कार्यक्षेत्र निर्धारण गर्दा पनि माथिका उद्देश्यहरू पूरा गर्न आयोजना अन्तर्गतका क्रियाकलाप, तिनको प्रगति, त्यसबाट परेको असर तथा प्रभाव आदि अध्ययन गर्ने गरी निम्न बमोजिमको कार्यक्षेत्र निर्धारण गरिएको थियो।

१. विशेष आर्थिक क्षेत्रका भौतिक पूर्वाधार र अन्य संरचनाको निर्माणको अवस्था,
२. विशेष आर्थिक क्षेत्रमा उद्योगहरूलाई भाडामा दिन तयार गरिएको जग्गाको लिज तथा भाडाको अवस्था,
३. विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगको उत्पादन तथा निर्यातको अवस्था,
४. विशेष आर्थिक क्षेत्रमा जग्गा भाडामा लिएर उद्योग स्थापना नगरेका उद्योगीहरूको विचार र समस्याबारे जानकारी तथा अध्ययन,
५. विशेष आर्थिक क्षेत्रका आसपासका स्थानीय बासिन्दाको आयोजना बारेको राय तथा विचार,
६. विशेष आर्थिक क्षेत्रमा निजी सेवा प्रदायकहरूको यस बारेको राय, सुझाव, समस्या तथा समाधानका उपाय,
७. विशेष आर्थिक क्षेत्रबारे स्थानीय सरकार, अन्य सरकारी निकाय र जनप्रतिनिधिहरूको राय, समस्या र समस्या समाधानका उपाय,
८. विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगहरूको पर्यावरणीय र सांस्कृतिक पक्षहरू,
९. विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगहरूको, सामाजिक लगायत अन्य पक्षहरू, र
१०. विशेष आर्थिक क्षेत्रको व्यवसायिक योजना, भविष्यको योजना तथा उद्योग विविधीकरण रणनीति ।

माथि उल्लेखित पक्षहरूको अध्ययन गरी मूल्याङ्कन गर्न आन्तरिक मूल्याङ्कनमा जानुपूर्व तयारी तथा मूल्याङ्कन विधि तय गरी त्यसै बमोजिम कार्य गरिएको थियो। यस मूल्याङ्कन प्रतिवेदनको संरचना पाँच परिच्छेदमा विभाजन गरी सम्पन्न गरिएको छ ।

माथिका दुई चरणबाट संकलन गरेका जानकारी, सूचना तथा तथ्यांकहरूको संख्यात्मक तथा गुणात्मक विश्लेषण गरिसकेपछि प्रतिवेदन लेखन कार्य गरिएको थियो। यस मूल्याङ्कन प्रतिवेदनमा पाँच परिच्छेद रहेका छन्। परिच्छेद दुईमा मूल्याङ्कन विधि, परिच्छेद तीनमा आयोजनाको विकासक्रम तथा प्राविधिक तथा कानुनी अवस्था, परिच्छेद चारमा आयोजनाको मूल्याङ्कन र विश्लेषण एवम् परिच्छेद पाँचमा निश्कर्ष तथा सुझाव प्रस्तुत गरिएका छन्। प्रतिवेदनको अनुसूचीमा प्रश्नावली तथा आयोजनासंग सम्बन्धित अन्य सान्दर्भिक दस्तावेज संलगन गरिएका छन्।

परिच्छेद २
मूल्याङ्कन विधि

२.१ मूल्याङ्कनका आधार र विधिहरू

विशेष आर्थिक क्षेत्र भैरहवाको मूल्याङ्कन गर्न केही स्थापित मान्यता र विधिहरूको प्रयोग गरिएको छ। खासगरी विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनबाट समेत मूल्याङ्कन गरिएको छ। पूर्व मूल्याङ्कन, चालु मूल्याङ्कन वा अनुगमन, मध्यावधि वा आवधिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन र प्रभाव (Ex-post) मूल्याङ्कनसम्म प्रत्येक मूल्याङ्कनको उद्देश्य पनि फरक फरक हुने गर्दछ। खासगरी आयोजनाको मूल्याङ्कनमा पाँच आधारहरू सर्वमान्य छन्। तिनमा सान्दर्भिकता (Relevance), कार्यदक्षता (Efficiency), प्रभावकारीता (Effectiveness), प्रभाव (Impact) र दिगोपना (Sustainability) को मूल्याङ्कन पर्दछन्। आयोजना मूल्याङ्कनका यी आधारहरू र मुल्यांकनका प्रकार बीचको सम्बन्ध तालिकामा देखाईएको छ।

तालिका: मूल्याङ्कनका आधारहरू र मूल्याङ्कनका प्रकार बीचको सम्बन्ध

मूल्यांकनको प्रकार → मूल्याङ्कनका आधार↓	पूर्व मूल्याङ्कन	चालु मूल्याङ्कन वा अनुगमन	मध्यावधि वा आवधिक मूल्याङ्कन	अन्तिम मूल्याङ्कन	प्रभाव मूल्याङ्कन
सान्दर्भिकता (Relevance)	●	-	●	●	□
कार्यदक्षता (Efficiency)	❍	-	□	●	-
प्रभावकारीता (Effectiveness)	❍	-	●	●	-
दिगोपना (Sustainability)	❍	-	❍	❍	●
प्रभाव (Impact)	❍	-	□	□	●

□ मूल्याङ्कनको लागि आवश्यक र सम्भाव्य ठानिएका आधारमा गरिने,

● वास्तविक अवस्था र कार्यसम्पादन हेरेर गरिने,

❍ प्रक्षेपण, अनुमान र भविष्यको सम्भावनाका आधारमा गरिने, र

\- मूल्याङ्कन गर्न नसकिने वा पहिले नै गरिसकेको ।

सान्दर्भिकताको आधार भन्नाले आयोजनाका उद्देश्य र उपलब्धिहरू राष्ट्रिय उद्देश्य, प्राथमिकता, नीति र लाभग्राही तथा अन्य सरोकारवाला पक्षहरूको आवश्यकता र प्राथमिकतासंग मेल खाएको बुझिन्छ। आयोजनाको शुरूमा यसका उद्देश्यसंग मिलान गरेर यसको परिक्षण गरिन्छ भने अन्त्यमा वास्तविक उपलब्धिहरूसंग सरोकारवाला तथा लाभग्राहीको अपेक्षा र आवश्यकता पूरा भए, नभएको दाँजेर हेरिन्छ।

दक्षताको आधारमा श्रोतको प्रभावकारी उपयोग भए नभएको र निर्धारित लागतमा अपेक्षित उपलब्धि हासिल भएको नभएको हेरिन्छ।

प्रभावकारीताको आधार आयोजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा तथा प्रतिफल के कति हासिल भए वा भएनन् हेर्ने प्रभावकारीता मूल्याङ्कन हो।

प्रभावको मूल्याङ्कनमा आयोजना कार्यान्वयनबाट विकास, सुशासन, आर्थिक वृद्धि, रोजगारी, असमानता, गरिबी आदि क्षेत्रमा के कस्ता प्रत्यक्ष अप्रत्यक्ष दीर्घकालीन प्रभाव तथा असरहरू परे र ती असरहरू सकारात्मक वा नकारात्मक कस्ता रहे सो कुराको लेखाजोखा प्रभाव मूल्याङ्कन हो।

दिगोपनाको मूल्याङ्कनमा आयोजना कार्यान्वयनबाट भएका उलपब्धि र प्रतिफलहरू आयोजना अवधिको समाप्तिपछि चलिरहने कुराको सुनिश्चितताबारे अध्ययन तथा लेखाजोखा गरिन्छ।

नतिजामूलक मूल्याङ्कन: योजना, नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा के कति हासिल भएकोछ भनी तुलना गर्नका लागि निरन्तर रूपमा सूचनाको संकलन र विश्लेषण गर्ने प्रक्रिया नतिजामूलक अनुगमन हो। साथै, यसले आयोजनाको नतिजा खाकामा निर्धारित उद्देश्य र लक्ष्यअनुरूप नतिजा प्राप्त हुने गरी लगानी भए, नभएको र प्रतिफल हासिल भए, नभएको लेखाजोखा गर्दछ। योजना, नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनबाट हासिल भएको उपलब्धिलाई अपेक्षित नतिजासँग तुलना गरी तिनको सान्दर्भिकता, दक्षता, प्रभावकारिता, प्रभाव र दिगोपनाको लेखाजोखा गर्ने कार्य नतिजामूलक मूल्याङ्कन हो।

२.२ विशेष आर्थिक क्षेत्र मूल्याङ्कन विधि

यस आयोजनाको २ चरणमा मूल्याङ्कन गर्ने गरी मूल्याङ्कनको कार्ययोजना तयार गरिएको थियो। पहिलो चरणमा आयोजनाको बारेमा डेस्क अध्ययन गरिएको थियो। डेस्क अध्ययन गर्दा आयोजनासंग सम्बन्धित रहेर राष्ट्रिय नीति तथा क्षेत्रगत नीति, सम्बन्धित विद्यमान कानुन, आयोजना दस्तावेज, प्रगति प्रतिवेदन तथा यस भन्दा पहिले आयोजना सम्बन्धमा तयार भएका अन्य प्रतिवेदन तथा उपलब्ध भएसम्मका विवरणहरूको अध्यययन गरिएको थियो। यसैगरी समूह केन्द्रित छलफल, जानिफकारहरूसंग छलफल तथा अन्तर्वार्ताका लागि प्रश्नावलीको तयारी कार्य पनि गरिएको थियो। त्यसपछि दोश्रो चरणमा आयोजनाको स्थलगत अबलोकन तथा निरिक्षण, विशेष आर्थिक क्षेत्रसंग सम्बन्धित सरोकारवालासंग अन्तरक्रिया तथा संवाद, जानिफकारहरूसंग छलफल, समूह केन्द्रित छलफल, केस अध्ययन जस्ता विधिहरूको प्रयोग गरिएको थियो। विशेष आर्थिक क्षेत्र, भैरहवाको मूल्याङ्कन गर्दा विशेषगरी गुणात्मक विश्लेषण र *SWOT Analysis* गरिएको छ। गुणात्मक विश्लेषण गर्दा प्राथमिक तत्थ्यांकका रुपमा सरोकारवाला निकायहरूको विचार, राय, सिकाई र बुझाईलाई आधार लिइएको छ भने द्वितीय तत्थ्यांकका लागि डेस्क अध्ययन, प्रतिवेदन, विशेष आर्थिक क्षेत्र ऐन लगायतका स्रोतहरूको प्रयोग गरिएको छ।

छलफल तथा अन्तरक्रिया गर्ने क्रममा निम्नलिखित सरोकारवाला तथा सम्बन्धित निकायहरूसंग छलफल गरी राय सुझाव संकलन गर्ने तथा जानकारी लिने कार्य गरिएको थियोः

क) विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना गरेका उद्योगीहरूसंग छलफल,

ख) विशेष आर्थिक क्षेत्रमा जग्गा भाडामा लिएर उद्योग स्थापना नगरेका उद्योगीहरूको विचार र समस्याबारे जानकारी तथा घटना अध्ययन,

ग) विशेष आर्थिक क्षेत्रका वरीपरीका स्थानीय बासिन्दासंग छलफल,

घ) विशेष आर्थिक क्षेत्रमा निजी सेवा प्रदायकहरूसंग छलफल, र

ङ) विशेष आर्थिक क्षेत्रबारे स्थानीय तहका पदाधिकारीहरू, अन्य सरकारी निकाय र जनप्रतिनिधीहरूसंग छलफल ।

मूल्याङ्कन प्रतिवेदनको यस पूर्व निर्धारित ढाँचा बमोजिम मूल्याङ्कन समुहका सदस्यहरूबीच प्रतिवेदन लेखन कार्य बाँडफाँट गरी प्रतिवेदनको मस्यौदा तयार गरिसकेपछि उक्त मस्यौदा प्रतिवेदनलाई पुनः मूल्याङ्कन समूहका सबै सदस्यबीच छलफल गरी प्रतिवेदनलाई अन्तिम रूप दिइएको छ।

प्रतिवेदन लेखन कार्यमा मूल्याङ्कनका सैद्धान्तिक तथा व्यवहारिक पक्षको विश्लेषण गर्नुका साथै अध्ययन तथा अन्तरक्रियाबाट प्राप्त सुझाबहरूलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गरी सुझावहरूको कार्यान्वयन योजना, समस्या समाधानका उपाय र आगामी दिनमा विशेष आर्थिक क्षेत्रलाई सुदृढ रूपमा सञ्चालन गर्न आवश्यक मार्गदर्शन तयार गर्न समेत सुझाव प्रस्तुत गर्ने गरि सुझाव तथा सिफारिसहरू तयार गरिएको छ।

परिच्छेद ३

आयोजनाको विकासक्रम र प्राविधिक तथा कानुनी अवस्था

३.१ पृष्ठभूमि

विशेष आर्थिक क्षेत्र त्यस्तो क्षेत्र हो जहाँ निर्यात प्रवर्धनको लागि सरकारले बिशेष सेवा सुबिधाहरू प्रवाहका साथै स्वदेशी तथा विदेशी लगानी प्रवर्धन गरी उद्योग स्थापना गर्न तयार गरिएको अन्तर्राष्ट्रियस्तरको भौतिक पूर्वाधारको विकास गरिएको हुन्छ।

भन्साररहित क्षेत्रको रुपमा विशेष आर्थिक क्षेत्रको अवधारणा करिब २५ सय बर्ष पहिले प्राचीन चीनमा त्यसबेलाको कार्थगे Carthage मा र त्यसपछि रोमन साम्राज्यमा भएको मानिन्छ। विकास उद्देश्य परिपूर्ति गर्नका लागि हालै अपनाइएको विशेष आर्थिक क्षेत्र पूराना स्वतन्त्र वन्दरगाहको अवधारणाको विकसित रुप हो।स्वतन्त्र बन्दरगाहले अन्तराष्ट्रिय व्यापारीलाई गोदाम र व्यापार केन्द्रको पनि सुविधा दिन्थ्यो। रोमन साम्राज्यमा यस्तो स्वतन्त्र वन्दरगाह डेलसमा स्थापनागरिएको थियो [१०]।

सन १९६० मा धेरै विकासोन्मुख देशहरूले आफ्नो आर्थिक विकासको रणनीति आयात प्रतिस्थापनबाट निर्यातमुखी बृद्धितर्फ केन्द्रित गरे। आयात प्रतिस्थापनले व्यापार नियन्त्रणबाट देशका उद्योगहरूको संरक्षणमा जोड दिइन्थ्यो भने निर्यात प्रबर्धनले उत्पादकत्वलाई भन्सार र शुल्क प्रोत्साहन दिन्छ। निर्यात प्रशोधन क्षेत्र यस्तो संयन्त्र हो जुन सामान्यत निर्यातमुखी रणनीति कार्यान्वयन गर्न अपनाइन्छ। सन् १९६५ मा ताइवानले कोहशुड, निर्यात प्रशोधन क्षेत्र उद्घाटन गर्यो र यसलाई निर्यात प्रशोधनको लक्ष्यले खोलिएको पहिलो विशेष आर्थिक क्षेत्र मानिन्छ ।

३.२ बिशेष आर्थिक क्षेत्रका अन्तर्राष्ट्रिय अभ्यासहरू

सन् १९८० देखि २००७ सम्म चिनका बिभिन्न प्रान्तहरूमा २४ वटा विशेष आर्थिक क्षेत्र १५ वटा स्वतन्त्र व्यापार क्षेत्र ५४ वटा आर्थिक तथा प्राविधिक क्षेत्र र ५३ वटा औद्योगिक विकास क्षेत्र स्थापना भएका जसमा प्रत्यक्ष बैदेशिक लगानी ४६% रहेको र २००७ मा कुल ग्राह्यस्थ उत्पादनमा २२% प्रत्यक्ष योगदान, निर्यात ६०% र ३०० लाख रोजगारी श्रृजना गरेको पाईन्छ [१४]। विशेष

आर्थिक क्षेत्र नीति, २०००, विशेष आर्थिक क्षेत्र ऐन, २००५, विशेष आर्थिक क्षेत्र नियम, २००६ अनुसार २०१४ सम्ममा ५६४ औपचारिक रूपमा स्वीकृत विशेष आर्थिक क्षेत्र मध्ये १९२ परिचालनमा आएका जसबाट ११ लाख रोजगारी सिर्जना भएको छ [११]। बंगलादेश र श्रीलंका पनि लामो समयदेखि विशेष आर्थिक क्षेत्र र निर्यात प्रशोधन क्षेत्र सञ्चालन गर्ने मुलुकहरूमा पर्दछन्। यी देशहरूले विशेष आर्थिक क्षेत्रहरूमा वित्तीय, पूर्वाधार र नियमनकारी सुधारका माध्यमबाट प्रशस्त प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न सफल भएका छन् । यस्ता विशेष आर्थिक क्षेत्रहरू औद्योगिक विकासमा पछि परेका क्षेत्रमा स्थापना गर्ने, विशेष आर्थिक क्षेत्रमा पश्च मुल्य श्रृखंला सम्बन्धको विकास गर्ने र जल, जमिन तथा हवाई यातायातबाट विशेष आर्थिक क्षेत्रलाई जोडेर धेरै फाईदा लिन सकेको अध्ययनले देखाएका छन्[८]।

३.३ नेपालमा विशेष आर्थिक क्षेत्रको विकासक्रम

निर्यात प्रवर्द्धन गर्ने, मुलुकमा औद्योगिकिकरणको प्रक्रिया अघि बढाउने,आर्थिक विकासको गतिलाई तीब्रता प्रदान गर्ने आदि उद्देश्य सहित नेपालमा विशेष आर्थिक क्षेत्र स्थापना भएको हो।उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेको विशेष आर्थिक क्षेत्र आयोजनाको रुपमा २०६०/१०/१५ को नेपाल सरकारको निर्णयानुसार स्थापना भएको थियो। विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले "विशेष आर्थिक क्षेत्र विकास समिति (गठन) आदेश, २०६९" जारी गरेको छ। बिशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा १४ बमोजिम वि.सं. २०७३/०६/१८ मा विशेष आर्थिक क्षेत्र प्राधिकरणको स्थापना भएको हो ।

चौधौं योजनाले प्रत्येक प्रदेशमा औद्योगिक क्षेत्र औद्योगिक कोरिडोर एवम् विशेष आर्थिक क्षेत्र क्रमशः स्थापना गर्दै लगिने नीति लिएको थियो [४]। पन्ध्रौं योजनामा औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने लक्ष्य अनुसार नेपालमा ५ वटा विशेष आर्थिक क्षेत्र स्थापना भई सञ्चालनमा आउने अपेक्षा राखिएको छ। यसरी समय समयमा नेपाल सरकारले विशेष आर्थिक क्षेत्र स्थापना गर्नका लागि लिएका उद्देश्य पूरा गर्न र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ बमोजिम औद्योगिकीकरणको माध्यमबाट निर्यात प्रवर्धन गर्ने रोजगारी सिर्जना गर्ने जस्ता उद्देश्यहरू

पूरागर्नका लागि विभिन्न स्थानहरूमा सम्भाव्यता अध्ययन भई हाल भैरहवामा विशेष आर्थिक क्षेत्र सञ्चालन भैसकेको छ भने २ स्थान (सिमरा र पाँचखाल) मा विशेष आर्थिक क्षेत्र सञ्चालनको लागि पूर्वाधार निर्माण कार्य भैरहेको छ ।

सिमरा विशेष आर्थिक क्षेत्र अर्न्तगत गार्मेन्ट प्रशोधन केन्द्र अर्न्तगत A Block को १४३ विगाहा जग्गामा आन्तरिक सडक, ड्रेन, प्लट डिमार्केशन, खानेपानी, आदि भौतिक संरचना सम्पन्न भएको साथै Waste Water Treatment Plant (WWTP) प्रशासनिक भवन लगायत अन्य भवनहरू निर्माणाधीन अवस्थामा रहेका (६०% भौतिक प्रगति) छन्। सिमरा विशेष आर्थिक क्षेत्रमा गार्मेन्ट उद्योग स्थापनाको लागि २०७५ साल बैशाखमा सूचना आव्हान गर्दा कुनै पनि प्रास्ताव परेको देखिदैन।

पाँचखाल विशेष आर्थिक क्षेत्रमा प्रशासनिक भवन र कम्पाउण्डवाल सम्बन्धी निर्माण कार्य भईरहेको छ। त्यसै गरी, विशेष आर्थिक क्षेत्र विकास विस्तार र स्थापनाका लागि विराटनगरको वुर्ज गाउँपालिका, रौतहटको यमुनामाई गाउँपालिका, सिराहाको लाहान नगरपालिका र जुम्लाको कनका सुन्दरी गाउपालिका मा विस्तृत ईन्जिनियरिङ्ग अध्ययन कार्य सम्पन्न भएको छ। त्यसैगरी नुवाकोट, नेपालगञ्ज, झापा, कैलालीको तालवन, धनगढी, धनुषा, बर्दिया, चन्द्रपुर, ससरी र चितवन जिल्लामा सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको छ। विशेष आर्थिक क्षेत्र विकास र विस्तारको लागि बर्दिबास (महोत्तरी) इलाम, दाङ्ग र तनहु जिल्लामा पूर्व सभाव्यता अध्ययन कार्य सम्पन्न भएको छ।

विशेष आर्थिक क्षेत्र भैरहवामा २२ वटा उद्योगहरूले अनुमतिपत्र प्राप्त गरेकोमा ३ वटा उद्योगहरूले व्यवसायिक उत्पादन सुरु गरी निर्यात समेत गरेको, जसमा १५० जना प्रत्यक्ष रोजगार रहेका छन् भने केही उद्योगहरू निकट भविष्यमै सञ्चालनको क्रममा रहेका र अनुमति पत्र लिएका पाँच उद्योगहरूले हाल उद्योग सञ्चालन गर्न नसकिने भनि माग भए बमोजिम अनुमतिपत्र खारेज गरिएको छ। अनुमति प्राप्त गरेका अन्य जग्गाको भाडा नियमित भुक्तानी गरिरहेका छन् तर उद्योग स्थापना कार्यको शुरू गरेका छैनन्।

३.४ विशेष आर्थिक क्षेत्र, भैरहवा

अवस्थिति

यो विषेश आर्थिक क्षेत्र प्रदेश नं ५ को रुपन्देही जिल्ला, रोहिणी गाउँपालिका, वडा नं. १. बगाहा सिद्धार्थ राजमार्गबाट १ कि.मि. पूर्व, महेन्द्र राजमार्गबाट २५ कि.मि. दक्षिण, वेलहिया भन्सारबाट १ कि.मि. उत्तर, भैरहवा गौतमबुद्ध विमानस्थलबाट ५ कि.मि. पूर्वमा ३६८ हेक्टर क्षेत्रफलमा फैलिएर रहेको छ ।

बर्तमान अवस्था

विशेष आर्थिक क्षेत्र भैरहवामा ६९ प्लट मध्ये ४७ वटा प्लटहरू भु-बहाल सम्झौता भएकोमा हाल पाँच वटाको दर्ता खारेज भई ४२ वटा प्लटहरू मध्ये १४ वटा प्लटमा ४ वटा उद्योग स्थापना भइसकेका छन्, भने बाकी २८ प्लटमा उद्योग स्थापनाको लागि भु वहाल तिर्ने कार्य मात्र भइरहेको छ । दर्ता खारेज भएका उक्त ५ प्लट समेत जोड्दा २७ वटा प्लट खाली रहेका छन्।

भू बहालमा लागेका ४२ वटा प्लटहरू १७ वटा उद्योगहरुले उद्योग स्थापनाका लागि लिएका छन्। जसमध्ये अहिले ३ वटा उद्योगहरूले पूर्ण रुपमा सञ्चालनमा रहेर उत्पादन गरी निर्यात गर्न सुरु गरेका, १ वटा उद्योगले हालसालै स्थापना भई उत्पादन परीक्षण शुरु गरेको र बाकी १३ वटा उद्योग (अनुसूची ५ मा उल्लेख) स्थापना हुन वजारको अध्ययन गर्दै छन्।

उद्देश्य

निर्यातयोग्य उद्योगको विकास एवं प्रवर्द्धनका लागि स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी मुलुकमा औधोगिकीकरणको प्रकृया अगाडिवढाउन विशेष आर्थिक क्षेत्रको अवधारणा कार्यान्वयनमा ल्याइएको छ। यस क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लागु भएको छ। विशेष आर्थिक क्षेत्रको पूर्वाधार संरचना निर्माण गर्न, उद्योग स्थापना गराउन, स्थापित उद्योग अनुमान गर्न तथा त्यस्ता यद्योगलाई एकद्वार इकाइवाट सेवा उपलब्ध गराउन विशेष आर्थिक क्षेत्र प्राधिकरण स्थापना भएको छ। यस क्षेत्रको सञ्चालनवाट रोजगारी श्रृजना स्वदेशी कच्चा पदार्थमा मूल्य

अभिवृद्धि तथा नवीनतम प्रविधिको विकास हुने साथै राष्ट्रिय व्यापार घाटा कम गर्नमा टेवा पुग्ने लक्ष्य प्राधिकरणले लिएको छ।

विशेष आर्थिक क्षेत्रले विभिन्न प्लट निर्माण गरी उद्योगहरूको स्थापना गरी निर्यात वढाउने, व्यापार घाटा न्युनीकरण गर्ने, आयात प्रतिस्थापन गर्ने, रोजगारी सृजना गर्ने, विदेशी वजारमा स्वदेशी उत्पादनको पहुँच पुऱ्याउने, कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वढाउने, स्थानीय कच्चा पदार्थ, स्रोत र साधनको उपयोग र प्रयोग गर्ने र औद्योगिकीकरणको माध्यमवाट समृद्ध अर्थतन्त्रको निर्माण गर्ने उद्देश्य राखेको छ।

३.५ कानुनी व्यवस्था

विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगका लागि विशेष सहुलियतको कानुनी व्यवस्था निम्न बमोजिम रहेका छन्

क. उद्योगीहरूलाई करको क्षेत्राधिकार भन्दा बाहिर राखी व्यवहार गरिने।

ख. उद्योगलाई राष्ट्रियकरण नगरिने।

ग. जग्गा/भवन लिजमा छुट।

घ. आयकर छुट।

ङ. मूल्य अभिवृधि कर नलाग्ने(निर्यात वस्तुमा)

च. भन्सार महसुलमा छुट।

छ. विशेष आर्थिक क्षेत्रका उद्योगलाई कच्चा पदार्थ दिने उद्योगलाई निर्यात सरहको सुविधा दिने।

ज. विदेशी लगानीकर्ताले विदेशी मुद्रामा रकम लग्न सक्ने।

झ. विदेशी मुद्रामा खाता खोल्न र कारोबार गर्न सक्ने।

ञ. एकद्वार इकाइवाट सम्पूर्ण सेवा सुविधा प्रदान हुने।

ट. विदेशी लगानीकर्तालाई तोकिए वमोजिम भिसा प्रदान गरिने।

ठ. उद्योगलाई हानी नोक्सानी हुने कुनै काम कारवाही हुन नपाउने।

ड. कामदारलाई प्राधिकरणले निर्धारण गरे वमोजिम पारिश्रमिक प्रदान गरिने।

३.६ आयोजना संभाव्यता अध्ययन गर्दा लिईएका आधारहरूः

क. सडक पहुँच र अन्य पूर्वाधार निर्माणको लागि उपयुक्तता,

ख. दूरसञ्चार सेवा, विद्युत् सेवा, पानीको सुविधा,

ग. जमिनको पर्याप्तता,

घ. कामदार र कच्चा पदार्थको उपलब्धता,

ङ. प्रस्तावित क्षेत्रमा सेज स्थापनाको लागि सूचना संकलन गर्ने,

च. व्यवसायिक क्रियाकलापको सम्भावना र बजारको अध्ययन,

छ. सामान्य वातावरणीय मुल्याङ्कन, र

ज. वित्तीय र सामाजिक आर्थिक मूल्याङ्कन।

परिच्छेद ४
आयोजनाको मूल्याङ्कन र विश्लेषण

यस परिच्छेदमा भैरहवा विशेष आर्थिक क्षेत्रको आन्तरिक मूल्याङ्कनको क्रममा भौतिक, प्राविधिक, व्यवस्थापकीय तथा अन्य पक्षहरूको विश्लेषण गरी प्रस्तुत गरिएको छ। यसरी विश्लेषण गर्दा मौजुदा कानुनी तथा संस्थागत व्यवस्था र तिनको कार्यान्वयनको अवस्था, विशेष आर्थिक क्षेत्रका भौतिक पूर्वाधार र अन्य संरचनाको निर्माणको अवस्था, जग्गाको लिज तथा भाडाको अवस्था, उद्योगको लगानी, रोजगारी, उत्पादन तथा निर्यातको अवस्थाको मूल्याङ्कन, जग्गा भाडामा लिएर उद्योग स्थापना नगरेका उद्योगीहरूको अन्तरक्रिया, आसपासका स्थानीय बासिन्दाको आयोजना बारेको राय तथा विचार, निजी सेवा प्रदायकहरूसंगको छलफल, स्थानीय तहका पदाधिकारी, र अन्य सरकारी निकाय र जनप्रतिनिधीहरूसंग गरिएको अन्तरक्रिया आदिलाई आधार लिइएको छ। सो सन्दर्भमा महसुस गरिएका वास्तविक समस्या र चुनौतीहरू यहाँ विश्लेषण गरिएको छ। मूल्याङ्कन विधिमा प्रस्तुत गरिएका विभिन्न विषयहरूको बारेमा गरिएको अध्ययन र विश्लेषणलाई यहाँ क्रमैसंग निम्नानुसार प्रस्तुत गरिएको छ।

४.१ डेस्क अध्ययन

डेस्क अध्ययन विशेषगरी विशेष आर्थिक क्षेत्र भैरहवाको भौतिक, प्राविधिक, व्यवस्थापकीय तथा अन्य पक्षहरूको विश्लेषण गरी गरिएको थियो। जसमा कानुनी तथा संस्थागत व्यवस्था र त्यसको कार्यान्वयनको अवस्था, भौतिक तथा वित्तीय प्रगति लगायतका विषयवस्तुको सुक्ष्म अध्ययन गरिएको छ । यहाँ यी दुवै पक्षलाई उजागर गरिएको छ।

क) कानुनी तथा संस्थागत संरचनाको अवस्था

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ (पहिलो संशोधन २०७५) कार्यान्वयनमा रहेको छ। विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ कार्यान्वयनमा आई संशोधनको क्रममा रहेको, विशेष आर्थिक क्षेत्र

कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली स्वीकृतीको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाईएको छ भने मन्त्रालयबाट निर्णणको प्रक्रियामा रहेको छ ।

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ (पहिलो संशोधन २०७५) को दफा १९ मा सञ्चालक समितिको व्यवस्था रहेको।

- विशेष आर्थिक क्षेत्र प्राधिकरणको प्रधान कार्यालय काठमाण्डौंमा रहेको।
- भैरहवा विशेष आर्थिक क्षेत्र व्यवस्थापन कार्यालय भैरहवा रुपन्देहीमा रहेको।
- विशेष आर्थिक क्षेत्र सिमरामा साइट कार्यालय रहेको।
- विशेष आर्थिक क्षेत्र पाँचखालमा साइट कार्यालय रहेको।

निर्यात प्रवर्धनको माध्यमबाट मुलुकमा औद्योगिकीकरण प्रक्रिया अगाडि बढाई आर्थिक विकासको गतिलाई तीव्रता प्रदान गर्नको लागि विशेष आर्थिक क्षेत्र स्थापना, सञ्चालन, र व्यवस्थापन गरिएको हो। यद्यपी विशेष आर्थिक क्षेत्रको सञ्चालन र व्यवस्थापन अपेक्षा गरिए बमेजिम हुन सकेको छैन। जग्गा भाडामा लिएर उद्योग स्थापना नगरेका उद्योगीहरू धेरै रहेको तथ्यांकले विशेष आर्थिक क्षेत्रभित्र अपेक्षित रुपमा उद्योगको स्थापना गर्न नसकिएको प्रष्ट हुन्छ। विशेष आर्थिक क्षेत्र भन्दा बाहिर स्थापना भएका उद्योगको स्थानान्तरण विशेष आर्थिक क्षेत्रभित्र गर्न नमिल्ने वर्तमान कानुनी व्यवस्थाले गर्दा अपेक्षित रुपमा उद्योग स्थापना नभएको भन्ने धारणा जग्गा भाडामा लिएर उद्योग स्थापना नगरेका उद्योगीहरूको छ। त्यसैगरी विद्यमान उत्पादनको ६० प्रतिशत निर्यात गर्नुपर्ने कानुनी प्रावधानको कारण पनि उद्योगहरू विशेष आर्थिक क्षेत्रमा स्थापना हुन नसकेको पाइयो। विशेष आर्थिक क्षेत्रमा कर्मचारीहरूको सेवा सुविधा सम्वन्धी विनियमावली नभएकोले र दरवन्दी सिर्जना गर्न नसकी स्थायी रुपमा कर्मचारी भर्ना गरी सेवा प्रवाह गर्न नसकिएको अवस्था छ।

ख) भौतिक तथा वित्तीय प्रगति र निर्माणको अवस्था

विशेष आर्थिक क्षेत्र भैरहवामा गुरुयोजना बमोजिमका अन्य निर्माण कार्यहरू सम्पन्न भएता पनि विद्युत सव-स्टेशन निर्माण कार्य सम्पन्न हुन सकेको छैन। उक्त क्षेत्रमा भएका भौतिक संरचनाहरू के कति

निर्माण भए भन्ने कागजात तथा प्रगति विवरणहरू प्राधिकरण तथा विशेष आर्थिक क्षेत्र कार्यालयबाट प्राप्त गर्न नसकेकोले योजना बमोजिम कार्य भए/नभएको मूल्यांकन गर्न सकिएन। प्राधिकरणका कार्यकारी निर्देशकको भनाईबाट विशेष आर्थिक क्षेत्रमा गरुयोजना बमोजिम कार्य सम्पन्न भएको, र अब विद्युत सब-स्टेशन निर्माण गर्ने कार्य बाँकी रहेको जानकारी पाइयो। विशेष आर्थिक क्षेत्र, भैरहवाको गत तीन आ.व. को भौतिक तथा वित्तिय प्रगतिको विवरण निम्नानुसार रहेको छ।



गत तीन आ.व. को भौतिक प्रगति विश्लेषण गर्दा औषत ३०.४ प्रतिशत कार्य सम्पादन रहेको देखिन्छ। यसैगरी विगत तीन वर्षको वित्तीय प्रगति औसतमा १६.११ प्रतिशत रहेकोबाट विगत तीन वर्षको कार्यसम्पादन स्तर सन्तोषजनक रहेको देखिदैन।

विशेष आर्थिक क्षेत्र, भैरहवामा निर्माण भएका संरचनाहरूको विवरण (वि.सं. २०६१ देखि २०७५ सम्म)

- जग्गा प्राप्ति (Land acquisition),
- सीमा पर्खाल निर्माण (Boundary wall),
- राष्ट्रिय राजमार्गबाट विशेष आर्थिक क्षेत्र प्राधिकरणमा पहुँचमार्ग निर्माण (Approach Road to SEZA from National Highway),

- प्रत्यक प्लटमा पुग्ने आन्तरिक मार्ग र ढल व्यवस्थापन (Internal Road to each Plot. Include sewerage),
- प्रशासनिक भवन (Administrative Building),
- सेवा भवन (Service Building),
- आन्तरिक प्रशारण लाइन (Internal Transmission Lines),
- फोहोर पानी प्रशोधन प्लान्ट (Waste Water Treatment Plant),
- ओभरहेड पानी टंकी र वितरण प्रणाली (Overhead Water Tank and Distribution Network),
- टेलिफोन र सडक वत्ती (Telephone Line and Street Light),
- ठूला सवारी साधन पार्किङ्ग (Heavy Vehicle Parking),
- तौल मेसिन (Weighing Bridge),
- पेट्रोल पम्प (Petrol Pump),
- सुरक्षा चेकजाँच पोष्ट (Security check post),
- हेलीप्याड, बाल उद्यान, ब्याडमिन्टन कोर्ट, वाल्क वे शेड, रोड रेलिंग, साना सवारी साधन पार्किङ्ग आदि (Helipad, Children park, Badminton court, Lown tennis court, Walkway shade, Road Railing, Light Vehicle Parking etc.)

मिति २०६१ देखि २०७५ सम्म विशेष आर्थिक क्षेत्र, भैरहवामा क्रमश निर्माण भएका संरचना तथा कार्यहरूमा जग्गा अधिग्रहण, चारैतिर सीमा पर्खाल निर्माण, राष्ट्रिय राजमार्गबाट विशेष आर्थिक क्षेत्र प्राधिकरण सम्म पहुँच मार्ग निर्माण, प्रत्येक प्लटमा पुग्ने गरी आन्तरिक सडक र ढल निकास निर्माण, प्रशासनिक भवन, सेवा भवन, आन्तरिक प्रसारण लाइनहरू, फोहोर पानी उपचार प्लान्ट, ओभरहेड पानी ट्याङ्क र वितरण नेटवर्क, टेलिफोन लाइन र स्ट्रीट लाइट, भारी सवारी साधन पार्किङ्ग, तौल पुल, पेट्रोल पम्प, प्रशासनिक र सेवा भवनको साथ साइट विकास, सुरक्षा चेक पोष्ट, हेलिप्याड, बाल उद्यान, ब्याडमिन्टन कोर्ट, लन टेनिस कोर्ट, वाक वे शेड, रोड रेलिंग, हल्का सवारी साधन पार्किङ्ग आदि सम्पन्न भएका छन्। तिनीहरूको समुचित प्रयोग हुन नसक्दा हालसम्म राज्यको लगानी अनुसार प्रतिफल प्राप्त हुन सकेको छैन। साथै, यी भौतिक संरचनाको प्रयोग नहुँदा मर्मत सम्भार गर्नुपर्ने अवस्थामा पुगेका छन्।

बेरूजु तथा फछ्र्यौटको विवरण

आ.व.	बेरुजु दर्ता नं.	बेरुजु विवरण	बेरुजु रकम	फर्छ्र्यौटको लागी भएको प्रगतीको अवस्था
०६५/६६	१५ (६)	विल भुक्तानीमा ठे. सुनौला खिम्तीलाई वढी भुक्तानी भएको रु	६१,४७२	सम्बन्धित पक्षलाई पत्राचार गरिएको तर हाल सम्म दाखिला नगरेको कारणबाट बेरुजु फछ्र्यौट हुन नसकेको।
०६५/६६	१४	१) आ.व. को अन्तको पे.फ. हुनु पर्ने गौरी पार्वती अमर सुनौला खिम्ती जे.भी.	८,७२,७१६	कार्य सम्पन्न नभएकोले पे फ हुन बाँकी रहेको सो सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीसँग छलफल चलिरहेको
		२) जि.प्र.अ. रुपन्देही पे.फ. हुन वाँकी	१,०५,२२,७३०	भैरहवा विशेष आर्थिक क्षेत्र र पहुँच सडकको जग्गा अधिग्रहण गर्दा मुआब्जा वितरणको लागी जिल्ला प्रशासन कार्यालय, रुपन्देहीलाई पेश्की दिएकोमा अधिग्रहण पश्चात जग्गाको कित्ताकाट भएको कारणबाट प्रकाशित सूचना र दाबी गरेको निवेदन अनुसार कित्ता नं मिल्न नसक्दा मुआब्जा वितरणमा समस्या भएको साथै सम्पर्कमा नआएका जग्गा धनीबाट सकलन भैरहेको।
०६५/६६	७ (च)	म्याद समाप्त भएको पश्चात सम्म पनि कार्य सम्वन्न नभएकोले १०% जरीवाना	५७,२५,११६	सम्बन्धित निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको भनी बाँकी रकम भुक्तानी पाउनको लागि दाबी पेश गरेको तर उसले प्राप्त गर्न बाँकी रहेको रकम भन्दा जरिवाना रकम बढी हुँन जाँदा सहमति हुन नसकेको कारणबाट बेरुजु बाँकी रहेको।

४.२ स्थलगत अध्ययन

डेस्क अध्ययन गरेका विषयवस्तुका सन्दर्भमा स्थलगत अध्ययन समेत गरिएको थियो। स्थलगत अध्ययन गर्दा विशेषगरी भौतिक पूर्वाधारमा लगानी, पूर्वाधारको उपयोग र रोजगारी सिर्जनाको अवस्था, जग्गा लिज तथा भाडाको अवस्था, उद्योगको लगानी, रोजगारी, उत्पादन तथा निर्यातको समग्र अवस्था, उत्पादन क्षमता, लक्ष्य र उत्पादनको अनुपात जस्ता विषयवस्तुको विश्लेषण गरिएको थियो। यी उल्लेखित पक्षहरूको बारेमा यहाँ चर्चा गरिएको छ।

क) जग्गाको लिज तथा भाडाको अवस्था

विशेष आर्थिक क्षेत्रभित्र रहेका कुल ६९ वटा प्लटमध्ये ४७ वटा प्लटमा लिज लागेकोमा हाल पाँच वटाको दर्ता खारेज भई ४२ वटा प्लटहरूमा उद्योग स्थापनाको कार्य अगाडि बढिरहेको छ भने अहिले २७ वटा प्लट खाली रहेका छन्।

भू बहालमा रहेका ४२ वटा प्लट १७ वटा उद्योगले उद्योग स्थापनाको लागि लिएका छन्। सो मध्ये हाल ३ वटा उद्योगहरूले उत्पादन सुरु गरी निर्यात अगाडि बढाएका, १ वटाले हालसालै उद्योग स्थापना गरी परीक्षण उत्पादन शुरु गरेको र बाँकी १३ वटा उद्योग (अनुसूची ५ मा उल्लेख) ले उद्योग स्थापनाका लागि वजारको अध्ययन गर्दै छन्।

राज्यको अपेक्षा बमोजिम लिजमा लागेका प्लट सवैमा उद्योग स्थापना हुन नसक्नुले निजी व्यवसायीहरूमा लगानीका लागि अझै अन्यौलता रहेको देखिन्छ। यसका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले लगानीमैत्री वातावरणको सुनिश्चतता गर्नुपर्ने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ।

ख) संचालित उद्योगको अवस्थाको विश्लेषण

विशेष आर्थिक क्षेत्र भैरहवामा उद्योगहरूमा पूँजी लगानी, रोजगारी उत्पादन तथा निर्यातको अवस्था निम्नानुसार रहेको छ।

अ) लगानीको अवस्था



विशेष आर्थिक क्षेत्र भैरहवामा दर्ता भएका उद्योगको अनुमानित लगानी ४.२ अर्व रहेकोमा हाल सञ्चालन भएका उद्योगको लगानी ५० करोड रहेको छ। प्रस्तुत चित्रमा अपेक्षा गरिएको तुलनामा ११.९ प्रतिशत मात्र लगानी भएको भैरहवा विशेष आर्थिक क्षेत्रमा लगानी भित्र्याउन सकस परेको अवस्था देखिन्छ।

आ) रोजगारीको अवस्था

जयवुद्ध मेटल क्राफ्ट प्रा.लि, व्रिलियन्ट लाईटिङ ईन्डस्ट्रिज प्रा.लि, भिस्टार ग्लोवल प्रा.लि, शक्ति मिनसल्स जस्ता उद्योगले केही मात्रामा रोजगार सिर्जना गरेको देखियो। २०० जनालाई रोजगारी दिने अपेक्षा गरिएको शक्ति मिनरल्सले हालसम्म ५० जनालाई मात्र रोजगारी दिएको देखिन्छ जुन अपेक्षा गरेबमोजिम २५ प्रतिशत मात्रै हो। जयवुद्ध मेटल क्राफ्ट प्रा.लि, व्रिलियन्ट लाईटिङ ईन्डस्ट्रिज प्रा.लि, भिस्टार ग्लोवल प्रा.लि जस्ता उद्योगले पनि अपेक्षित मात्रामा रोजगारी सिर्जना गर्न सकेका छैनन्। क्षमता अनुसार पूर्ण रुपमा उद्योग सञ्चालन भैनसकेको कारणले पनि अपेक्षा गरिए बमोजिम रोजगारी सञ्चालन हुन नसकेको हो। विशेष आर्थिक क्षेत्रभित्र स्थापना हुन अनुमती लिएका उद्योगहरू र उक्त उद्योगहरूले सिर्जना गर्ने अनुमानित रोजगारीलाई यहाँ तालिकामा प्रस्तुत गरिएको छ।



माथिको चित्रमा विशेष आर्थिक क्षेत्रमा रहेका उद्योगहरूबाट कुल १७८३ रोजगारी सिर्जना हुने अपेक्षा गरिएकोमा त्यसको तुलनामा अत्यन्तै न्यून १५० (अर्थात ८.४१ प्रतिशत) मात्र रोजगारीको सिर्जना हुनसकेको देखिन्छ। रोजगारी सिर्जनाको अवस्था सन्तोषजनक नरहेको पाइयो।

इ) उत्पादन र निर्यातको अवस्था

विशेष आर्थिक क्षेत्रभित्र हालसम्म स्थापित र संचालित उद्योगहरूबाट भएको उत्पादन तथा निर्यातको अवस्थाको चित्रण परिमाण र रकम समेतका आधारमा देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगहरूको उत्पादन तथा निर्यातको अवस्था

क्र. सं.	उद्योगको नाम	उत्पादिन बस्तु	एकाई	निर्यात		आन्तरिक बजार बिक्री	आन्तरिक बिक्री	कैफियत
				परिमाण	रकम रू लाख	परिमाण	रकम रू लाख	
१	श्री शक्ति मिनरल्स प्रा.लि.	लाइमस्टोन, डोलोमाइट लम्स, ग्रीट र पाउडर प्रोडक्सन	मे.ट.	४९४६.६१	११६	१४१५८.५२	२५२	
२	श्री ब्रिलियन्ट लाइटिङ्ग इन्डष्ट्रिज प्रा.लि.	एल.ई.डी. लाईट	थान	१७०००	५०	१८५००	५८	
३	श्री विस्तार ग्लोवल प्रा.लि.	स्टेन्सिल स्टिल युटेन्सिल्स	-	-	३००	-		
४	श्री जय बुद्ध मेटल क्राफ्ट उद्योग	मेटल बिक्स (आलुमिनियम, कपर, ब्रास, लिड)	-	-		-		परीक्षण उत्पादन गर्न शुरु गरेको

यस तालिका विश्लेषण गर्दा यस क्षेत्रमा स्थापित उद्योग तथा ती उद्योगको उत्पादन र निर्यातको अवस्था हेर्दा निराशाजनक देखिन्छ। हालसम्म जम्मा चार उद्योगहरूले औपचारिक रूपमा उत्पादन शुरुवात गरेका छन्। ती मध्ये पनि तीन उद्योगले मात्र औद्योगिक व्यवसायिक उत्पादन शुरु गरेका छन्। तीन उद्योग मध्ये २ उद्योगले सानो रकमको उत्पादन निर्यात गरेका छन्। समग्र

उत्पादन तथा निर्यातको अवस्था सन्तोषजनक छैन। हालसम्म जम्मा रू. ४ करोड ६६ लाखको उत्पादन निर्यात भएको र ३ करोड १० लाख रकम बराबरको उत्पादन आन्तरिक बजारमा खपत भएको देखिन्छ।

ई) उत्पादन क्षमता, लक्ष्य र उत्पादनको अवस्था

हालसम्म संञ्चालित उद्योगको उत्पादन क्षमता लक्ष्य र हालको उत्पादनको अवस्था निम्न तालिका र चित्रमा देखाइको छ।

<u>तालिका</u>

उद्योगको नाम	उत्पादन क्षमता	उत्पादन लक्ष्य	हालको उत्पादन	कैफियत
श्री शक्ति मिनरल्स प्रा.लि.	१००० टन	७००-८०० (टन)	१७० टन	
श्री ब्रिलियन्ट लाइटिङ्ग इन्डष्ट्रिज प्रा.लि.	२५०० पिस	२००० पिस	१२०० पिस	
श्री विस्तार ग्लोवल प्रा.लि.	१० टन	१० टन	३ टन	



उद्योगहरूको हालको उत्पादन अवस्था त्यति सन्तोषजनक देखिदैन। शक्ति मिनरल्स प्रा.लि. को कुल उत्पादन क्षमताको १७% मात्र उत्पादन रहेको छ भने ब्रिलियन्ट लाइटिङ्ग इन्डष्ट्रिज

प्रा.लि. को ४८% र विस्तार ग्लोवल प्रा.लि. को ३०% उत्पादन रहेको छ। यी उद्योगहरूले कुल उत्पादन क्षमताको औषतमा ३२% मात्र उत्पादन गरेको देखिन्छ।

उ) स्वीकृत दरबन्दी र कार्यरत जनशक्तिको अवस्था

सि.नं.	दरवन्दी विवरण / पद	तह	संख्या	कार्यरत जनशक्ति	कैफियत
१.	व्यवस्थापक	८	१	—	रिक्त
२.	ईन्जिनियर (मे.ई.)	७	१	१	
३.	ईन्जिनियर केमिकल	७	१	—	रिक्त
४.	IT ईन्जिनियर	७	१	—	रिक्त
५.	सुरक्षा अधिकारी	६	१	—	रिक्त
६.	प्रशासकीय अधिकृत	६	१	—	रिक्त
७.	लेखा अधिकृत	७	१	—	रिक्त
८.	बरिष्ठ सहायक (सूचना प्रविधि)	५	१	—	रिक्त
९.	बरिष्ठ सहायक (प्र)	५	१	—	रिक्त
१०.	कम्प्यूटर अपरेटर	५	१	१	
११.	इलेक्ट्रिसियन	४	१	१	
१२.	प्लम्बर	४	१	—	रिक्त
१३.	सुपरभाइजर	४	४	१	
१४.	ह.स.चा.	३	१	—	रिक्त
१५.	का.स./ पाले	-	४	५	
जम्मा			२१		

स्रोत - विशेष आर्थिक क्षेत्र प्राधिकरण, त्रिपुरेश्वर

विषेश आर्थिक क्षेत्र भैरहवाको स्वीकृत दरवन्दी अनुसार आठौं तहको १ जना व्यवस्थापक सहित ईन्जिनियर, प्रशासकिय अधिकृत लगायत विभिन्न तह र पदका जम्मा २१ जनाको दरवन्दी रहेकोमा हाल १ जना मेकानिकल ईन्जिनियरको नेतृत्वमा जम्मा ९ जना करार सेवामा कार्यरत रहेको तथ्यबाट यो स्पष्ट हुन आउछ कि विशेष आर्थिक क्षेत्र भैरहवा भित्रबाट प्रवाह गरिने सेवा जनशक्तिको न्युनताले गर्दा प्रभावकारी हुन नसकेको देखिन्छ।

४.३ सरोकारवाला संगको अन्तरक्रिया

विशेष आर्थिक क्षेत्र, भैरहवाको मूल्याङ्कन गर्दा विभिन्न सरोकारवालासंग अन्तरक्रिया गरिएको थियो। स्थानीय तह, जग्गा भाडामा लिएर उद्योग स्थापना नगरेका उद्योगीहरू, आसपासका स्थानीय बासिन्दा,

सेवा प्रदायक, विशेष आर्थिक क्षेत्रभित्र उद्योग स्थापना गरेका उद्योगीहरू, अन्य निजी क्षेत्र लगायतका क्षेत्रहरूसंग अन्तरक्रिया गरिएको थियो।

क) जग्गा भाडामा लिएर उद्योग स्थापना नगरेका उद्योगीहरू संगको अन्तरक्रिया

विशेष आर्थिक क्षेत्रभित्र जग्गा भाडामा लिएर स्थापना नभएका उद्योगहरू जम्मा १३ वटा रहेका छन्। ती उद्योगका उद्योगीहरूसंग छलफल गर्दा विशेष आर्थिक क्षेत्रभित्र स्थापना हुँदा अनिवार्य रुपमा उत्पादनको Threshold ६० प्रतिशत निर्यात गर्नुपर्ने प्रावधान रहेको र उक्त प्रतिशत बढी भएकोले अन्तराष्ट्रिय बजार पाउन गाह्रो भएको कुरा उल्लेख गरेका थिए। यसका लागि वजारको अध्ययन गरिरहेकोले हाल उद्योग स्थापना भैनसकेको उनीहरूको विचार थियो।

वर्तमान विशेष आर्थिक क्षेत्र ऐन, २०७३ (पहिलो संशोधन २०७५) अनुसार विशेष आर्थिक क्षेत्र भन्दा बाहिर स्थापना भएका उद्योगको स्थानान्तरण विशेष आर्थिक क्षेत्रभित्र गर्न नमिल्ने कानुनी व्यवस्था भएको हुँदा उद्योग स्थानान्तरण गर्न नमिलेकोले लगानीको लागि पूँजी खोज्ने कार्य भैरहेको निजहरूको भनाई छ।

विशेष आर्थिक क्षेत्र स्थापनाको उदेश्य निर्यात प्रवर्द्धन गर्ने रहेकोले कानुनमा व्यवस्था भएको उक्त ६०% अनिवार्य निर्यात गर्ने उद्देश्यसंग तादात्म्यता रहने देखिएतापनि यसको व्यवहारिक पक्ष र कार्यान्वयनमा भने कठिनाई रहेको मूल्याङ्कनबाट पाइयो।

ख) उद्योग नगरी दर्ता खारेज गरेका उद्योगीको घटना अध्ययन

विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना गर्न भनी जग्गा भाडामा लिएका ५ उद्योगीहरूले आफूले भने बमोजिमको उद्योग स्थापना नगरी उद्योग स्थापना अनुमति खारेज गराएका छन्। उक्त उद्योगीहरूमध्ये १० महिना सम्म जग्गा भाडामा लिएर सो बमोजिम लाग्ने दस्तुर समेत बुझाई उद्योग स्थापना नगरी पुनः फिर्ता गरेका उद्योगी राजेश अग्रवालसंग गरिएको कुराकानीमा यो विश्लेषण आधारित छ।

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ बमोजिम विशेष आर्थिक क्षेत्रभित्र उद्योग स्थापना गर्ने उद्योगीहरूलाई विभिन्न सुविधाहरू छन्। सुरुमा ती सबै सुविधाहरू प्राप्त गर्ने सोचले उद्योगी व्यवसायी राजेश अग्रवालले उक्त क्षेत्रमा जग्गा भाडामा लिएका थिए। उनले Action Polymer, Sidhartha Pet Plastic Industries र Eurotech Plastic Industries नामका तीन उद्योग विशेष आर्थिक क्षेत्रमा स्थापना गर्ने भनी अनुमति लिएका थिए। त्यसमध्ये, Action Polymer र Sidhartha Pet Plastic Industries विशेष आर्थिक क्षेत्र बाहिर स्थापना भई सञ्चालनमा रही पहिले देखि नै निर्यात समेत गर्दै आएको उनले जानकारी दिए। निर्यात गर्ने हिस्सा उत्पादन गर्ने कारखाना विशेष आर्थिक क्षेत्रमा स्थापना गर्ने उनको लक्ष्य रहेकोमा उनले हाल ती उद्योगहरू विशेष आर्थिक क्षेत्रबाहिर नै स्थापना गरी सञ्चालन गरेको समेत जानकारी दिए। साथै, Eurotech Plastic Industries कम्पनीको योजना बमेजिम स्थापना गर्न नसकेको उनले बताए।

उद्योग किन स्थापना भएन त ?

विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना गर्न निज अग्रवालले मुख्य तीन समस्या रहेको बताएः

पहिलो, उद्योग स्थापना गर्न आवश्यक पर्ने विद्युत विशेष आर्थिक क्षेत्रले दिन नसकेको, हालसम्म पनि विद्युत सबस्टेशनको काम शुरु नभएको र उनको आफ्नो अनुभवमा सबस्टेशन निर्माण कार्य छिटो हुँदा पनि १ वा २ वर्ष लाग्ने तर विशेष आर्थिक क्षेत्रमा अहिलेसम्म पनि सब स्टेशन निर्माणको लागि खरीद प्रकृया अगाडि नबढेकोले समयमा विद्युत आपूर्ति नहुने समस्या रहेको छ।

दोस्रो, एकद्वार सेवा केन्द्रको प्रभावकारी कार्यान्वयन भएको छैन। भन्सार कार्यालयबाट प्रदान गरिने भन्सार जाँच पास लगायतका सेवाहरू विशेष आर्थिक क्षेत्र भित्रबाट शुरु भएको छैन।

तेस्रो, कारखानामा उपकरण र मेशिन आयात गर्दा भन्सारमा बैंक ग्यारेन्टी राख्नु पर्ने र उक्त बैंक ग्यारेन्टी विशेष आर्थिक क्षेत्र भित्रको कारखानामा उपकरण तथा मेसिन जडान भएको प्रमाणित भएपछि मात्र फुकुवा हुने भएकोले पूँजी रोकिने समस्या रहेको छ।

ग) स्थानीय जनप्रतिनिधि र बासिन्दाहरुको आयोजना बारेको राय

रोहिणी गाँउपालिकाका वडा नं. १ का अध्यक्षले विशेष आर्थिक क्षेत्रले वि.सं २०६४ देखि मालपोत नबुझाएको गुनासो गर्दै स्थानीय तहसंग समन्वय गर्नुपर्ने धारणा व्यक्त गरेका छन्। त्यस्तै उद्योगलाई चाहिने जनशक्ति स्थानीयस्तरबाट नै उपयोग गर्नुपर्ने राय उनको छ। उद्योगलाई चाहिने स्तरको सीप र क्षमता विकासमा विशेष आर्थिक क्षेत्रले ध्यान दिएर सो किसिमको तालिम र सिप दिदा आन्तरिक रोजगारी सिर्जनामा सहयोग पुग्छ। हाल ती उद्योगहरूले न्युनतम संख्यामा मात्र नेपालीलाई रोजगारी दिएका छन्। उक्त रोजगारीमा पारिश्रमिक ज्यादै न्यून दिने गरेका छन्।

वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा स्थानीय तहसंग सरोकार नगरेको विषयपनि छलफलमा उठेको थियो। औद्योगिक क्षेत्र सेरोफेरोमा ती उद्योगहरूले पार्ने वातावरणीय प्रभावका बारेमा स्थानीय जनता ज्यादै चिन्तित छन्। शक्ति मिनिरल्सको उद्योग चल्दा अरु उद्योगलाई समेत असर परेको छ। उद्योग स्थापना गर्न अनिवार्य रुपमा गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कनमा स्थानीय जनसहभागीतामा स्थानीय जनताको सरोकारलाई कसरी सम्वोधन गर्ने विषयले आगामी दिनमा उद्योगहरू स्थापना गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कार्यमा क्षेत्राधिकारको समस्या हुने देखिन्छ।

शक्ति मिनरल्स प्रा.लि.ले क्रसर प्लान्टमा धुलो छोपिने प्रणाली स्थापना गर्न पहिला पनि विशेष आर्थिक क्षेत्रबाट निर्देशन पाएर पनि उक्त कार्य नगरेकोले पुन विशेष आर्थिक क्षेत्रबाट उक्त कार्य यथाशिघ्र सम्पन्न गर्न निर्देशन दिनुपर्ने देखिन्छ।

शुरुमा जग्गा अधिग्रहण गर्दा स्थानीय उत्पादनलाई कच्चा पदार्थको रुपमा उपभोग गर्ने उद्योग स्थापना गर्ने, स्थानीय रोजगारी सिर्जना हुने र त्यसका लागि आवश्यकता अनुसार स्थानीय जनतालाई सीपमूलक तालिम दिने समेत सम्झौता भएको भन्ने स्थानीय वासिन्दाको विचार रहेको तर विशेष आर्थिक क्षेत्रका तर्फबाट त्यसप्रकारको कुनै वाध्यकारी सम्झौता नभएको जानकारी प्राप्त भयो। स्थानीय जनताको विशेष आर्थिक क्षेत्रमा रोजगारी पाउने शुरुको आशा निराशामा परिणत

हुनुले पनि विशेष आर्थिक क्षेत्र र त्यस भित्रका उद्योगी व्यवसायीहरूले स्थानीय समुदायमा राम्रो सम्वन्ध विकास हुन नसकेको छलफलको क्रममा देखियो।

अर्कोतर्फ उद्योगी व्यवसायीहरू स्थानीय व्यक्तिहरूले सहयोग र चन्दाका नाममा उद्योगी व्यवसायीहरूलाई आर्थिक रुपमा दवाव दिने गरेको समेत गुनासो छलफलका क्रममा आएको थियो। अधिग्रहण गरिएको मध्ये करिब ८५ प्रतिशत जति जग्गा साविक बडा नम्बर १ को रहेकोमा स्थानीय रोजगारीको विषय उद्योगीहरूको प्राथमिकतामा नपरेको पाइयो।

विशेष आर्थिक क्षेत्र उद्घाटन पछिका गतिविधि जनतालाई अवगत नै भएन। स्थानीय तहको सहभागिता, समन्वय र अपनत्व हुनेगरी विशेष आर्थिक क्षेत्रमा आवश्यक वातावरण बनेन। विशेष आर्थिक क्षेत्र हामी नागरिकको हो भन्ने भावना जनतामा ल्याउने गरी सरकारले काम गर्नुपर्दछ। स्थानीय जनसमुदायमा विशेष आर्थिक क्षेत्रको अपनत्व विकास नभएको पाइयो।

<u>स्थानीय वासिन्दा र उद्योगमा काम गर्ने श्रमिकले भोगेका समस्या</u>

क) उद्योगहरूले वातावरण प्रदुषण नियन्त्रणको मापदण्ड पूरा गर्न नसक्दा स्थानीय वासिन्दाहरू मारमा पर्नु,

ख) स्थानीय वासिन्दाहरूलाई प्रतिवद्धता गरे बमोजिमको रोजगारीका अवसर प्रदान गर्न नसक्नु,

ग) उद्योग भित्र कार्यरत जनशक्तिको स्वास्थ्य तथा व्यवसायिक सुरक्षाको विषयलाई ध्यान दिएको देखिदैन। समयानुसार अनुगमन गरी कार्यरत जनशक्तिको व्यवसायिक सुरक्षामा चासो बढाउन नसक्नु,

घ) कार्यरत जनशक्तिको तलब, अतिरिक्त समय भत्ता जस्ता मौद्रिक तत्वको भुक्तानी विशेष आर्थिक क्षेत्र परिसरभित्र रहेको वैंकमा अनिवार्य रुपमा खाता खोली भुक्तानी दिन नसक्नु,

घ) सेवा प्रदायकहरूसंगको छलफल

विशेष आर्थिक क्षेत्रभित्र बिमा सेवा प्रदान गर्न बिमा सेवा पर्दायक कम्पनीको कार्यालय रहेको छ। यसै गरी निजी क्षेत्रको बैंकको शाखा कार्यालय पनि विशेष आर्थिक क्षेत्रभित्र रहेको छ। विशेष आर्थिक क्षेत्रमा एकद्वार सेवा केन्द्रबाट सेवा प्रवाहमा सहजता र सरलताका लागि यी निजी

क्षेत्रहरूको विशेष आर्थिक क्षेत्रभित्र स्थापना गरिएको हो। तर स्थापनाको उद्देश्य बमोजिम सेवा प्रवाह हुन नसकेको मूल्याङ्कनको क्रममा पाइयो। एउटा कम्पनीबाट मात्र बिमा कम्पनीको सम्झौता भएको छ।

Corporate Discount लगायतका अन्य सहुलियत दिदा समेत उद्योगीहरू ईन्सुरेन्स गर्न आईरहेका छैनन् । Global IME वैंक स्थापना भएको मुल्यांकनको अवधिसम्म दुई महिना भएको छ। स्थापनाका लागि अनुमति लिएका धेरै उद्योगहरूले आयोजना ऋण पाउन कठिनाई भएको विषय उठान गरेको सन्दर्भमा आयोजना ऋणका लागि वैंक सकारात्मक रहेको कुरा वैंकका शाखा प्रमुखबाट आएको थियो ।

<u>विशेष आर्थिक क्षेत्रमा रहेका सेवा प्रवाह सम्बन्धी समस्या</u>

क) भारित (Loaded) सवारी साधनको तौल मापन गर्न (Weighting Machine) को व्यवस्था गर्न नसक्नु।

ख) विशेष आर्थिक क्षेत्रमा लोड भएको सवारीलाई पुनः भन्सारमा भन्सारका प्रक्रिया पूरा गनुपर्ने र भन्सारले दिनको २ बजेपछी कर नलिने हुँदा निकासी हुन थप एक दिन कुर्नुपर्ने भएको देखिन्छ। यसले निजी व्यवसायीको लागतमा वृद्धि भएको छ।

ग) भन्सार कार्यालयको सर्भरमा समय समयमा समस्या आई समयमा काम सम्पन्न नहुँदा दिनको बाह्र सयका दरले थप जरिमाना बुझाउनुपर्ने अवस्था सिर्जना हुनु।

घ) विशेष आर्थिक क्षेत्रमा उद्योग सञ्चालन गर्न आयोजना ऋण पाउनुपर्ने कानुनी व्यवस्था छ। तर उक्त व्यवस्थालाई व्यवहारमा उतार्न नसक्नु।

ङ) लुम्बिनी परिसरभित्र र सोको आसपास १५ कि.मि. भित्र उद्योग सञ्चालन गर्न नपाउने कानुनी व्यवस्था छ।१५ कि.मि. भित्र प्रस्तावित उद्योग पर्दैन भनेर सिफारिस गर्ने अधिकार स्थानीय तहलाई रहेको छ। प्रत्येक उद्योगका लागि सिफारिस गर्दा स्थानीय तहले पाँच हजार रुपैयाँ

राजश्व लिने गर्दछ। तर एउटा सूचना प्रकाशन गरी १५ कि.मि. को चारकिल्ला तोकिदिएर सहज वातावरण बनाईदिने कार्य समेत हालसम्म भएको छैन।

च) उद्योग वाणिज्य संघबाट जारी हुने Certificate of Origin (CO) का लागि शुल्क बढी (०.१२ प्रतिशत) लिएको गुनासो छ। भारतमा यो शुल्क ०.०५ प्रतिशत छ। यसलाई वाञ्छित सिमाभित्र राख्न नसक्नु।

छ) भन्सार ऐन र विशेष आर्थिक क्षेत्र बिच सामञ्जस्यता ल्याउन नसकेको। वैंक ग्यारेन्टी फुकुवा हुने विषय उद्योगीमा नै भर पर्ने कुरा उल्लेख गर्दै उनले आयात गरिएको कच्चा पदार्थ र ल्याइएको प्रविधि जति छिटो क्रमशः निर्यात र जडान भयो त्यतिनै छिटो वैंक ग्यारेन्टी फुकुवा गर्न सकिन्छ। एकीकृत जाच केन्द्र (Integrated Check Post) नहुँदा लागतमा वृद्धि भएको छ। यसको काम पनि सुरु भएको छ।

ज) विशेष आर्थिक क्षेत्र र स्थानीय सरकारकाबीचमा समन्वयको अभाव रहेको। विशेष आर्थिक क्षेत्रबाट रोजगारीका लागि पहल नभएको भनी स्थानीय तहमा समेत गुनासो आउने गरेको।

झ) कर्मचारीको सेवा शर्त विनियमावली पारित नहुँदा आवश्यक जनशक्ति भर्ना गर्न नसक्नु। यसले गर्दा कर्मचारीलाई टिकाई राख्न कठिनाई हुनु।

ञ) विशेष आर्थिक क्षेत्रको कानुनी व्यवस्था बमोजिम सेवा सुविधा उपलब्ध गराउन नसक्नु (विजुली, पानी आदि) ।

ट) भन्सार विन्दुमा एकीकृत सुरक्षा जाँच चौकी नहुँदा लागत सेवा प्रवाहमा कठिनाई हुनु।

ठ) उद्योग स्थापनाका सुरुका वर्षमा कराधार लचिलो बनाउन नसक्नु।

ड) आएका उद्योगहरू पनि स्थानीय तहसंग समन्वय गर्दैनन्। स्थानीयको जग्गा अधिग्रहण भयो। तर वाचा गरे बमोजिमको रोजगारी दिईएन।यो समस्या समाधान गर्न पहल हुनुपर्दछ भन्ने माग रहेको।

ढ) विजुलीको निरन्तरता नहुँदा र पटक पटक पावर कट हुँदा मेसिनमा राखेको कच्चा पदार्थको नोक्सानी भएको छ। यसले लागत मूल्य बढ्न गएको छ।

४.४ स्थापित उद्योगहरूको सामाजिक, पर्यावरणीय, सांस्कृतिक र अन्य पक्षहरू

विशेष आर्थिक क्षेत्रभित्र स्थापित उद्योग शक्ति मिनरल्सबाट हुने प्रदुषण, भिस्टार उद्योगबाट आउने कवाडी र अन्य उद्योगहरूबाट निस्कने फोहरको व्यवस्थापन जस्ता विषय सामाजिक, पर्यावरणीय, सांस्कृतिक पक्षहरू संम्वन्धित छ। उद्योग भित्र कार्यरत जनशक्तिको स्वास्थ्य तथा व्यवसायिक सुरक्षाको विषयलाई यथोचित ध्यान दिन जरुरी छ। वातावरण प्रदुषणले पर्यावरणीय नोक्सानी भएको छ भने सांस्कृतिक पक्षमा ह्रास आको छ। यसर्थ वर्तमान समयमा विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन सामाजिक, पर्यावरणीय तथा सांस्कृतिक पक्षको समेत सन्तुलन हुन जरुरी छ।

विस्तार उद्योगमा कार्यरत कर्मचारीहरू न्युनतम औद्योगिक तथा व्यवसायीजन्य सुरक्षाका उपायहरूसमेत अवलम्वन नगरेको पाइयो।त्यसैगरी कुनैपनि उद्योगमा कार्यरत कर्मचारीहरू योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध नभएबाट निजहरूको पारिश्रमीक भुक्तानी समेत बैंकिङ प्रणाली मार्फत नभएको अवस्था पाइयो।

४.५ भविष्यको योजना तथा उद्योग विविधीकरण रणनीति

विशेष आर्थिक क्षेत्र, भैरहवाको योजना अनुसार वार्षिक करिव रु १ अर्व जतिको उत्पादन विदेश निर्यात गर्ने र करिव ५००० व्यक्तिलाई रोजगारी प्रदान गर्ने लक्ष्य रहेको थियो। तर हाल उक्त योजना अनुसारको लक्ष्य प्राप्ति हुन सकेको छैन। भविष्यमा उक्त व्यवसायिक योजनालाई परिपूर्ति हुनेगरी श्रममा आधारित तथा देशको कच्चा पर्दाथमा आधारित उद्योगहरूलाई प्राथमिकता दिई उद्योगीको आवश्यकता

अनुसार विदेशमा निर्यात योग्य बस्तु उत्पादन गर्ने उत्साहित गरी भैरहवामा रहेको सम्पूर्ण प्लटहरूमा उद्योग स्थापना गर्ने प्रोत्साहन गर्ने नीति लिईने।

क) विद्युत सबस्टेशनको निर्माण योजना

यस आ.व.मा निर्माण कार्य अगाडि बढाउन प्रकृया बढाएको । भैरहवा सेजमा गुरुयोजना अनुसार विद्युत सव-स्टेसन निर्माण कार्य गर्नु पर्नेमा विगत आ.व.२०७४/०७५ आ.व.२०७५/७६ मा रु१५/१५ करोड रुपैया विनियोजन भएकोमा उक्त कार्य सम्पन गर्न नसकिएकोमा चालु आ.व. २०७६/०७७ मा पनि रु ८ करोड विनियोजन भएकोमा यस आ.व.मा सव-स्टेसन पनि निर्माण कार्य गर्न प्रकृया अगाडि बढाएको ।

ख) भौतिक संरचनाको नियमित मर्मत सम्भार योजना

हरेक वर्ष आवश्यकता अनुसार नियमित रुपमा मर्मत सम्भार कार्य गर्दै गएको- भौतिक संरचनाको नियमिति मर्मत सम्भार योजना अर्न्तगत आवश्यकता अनुसार मर्मत सम्भार कार्य गर्दै आएकोमा गत आ.व. मा रु ७५ लाख विनियोजन भएको कुनै पनि मर्मत सम्भार कार्य नभएको। यस चालु आ.व. २०७६/०७७ मा मर्मत सम्भारको लागि रु २२ लाख विनियोजन भएकोमा विद्युत सम्बन्धी मर्मत तथा पानीको लाइन मर्मत लगायतका अन्य मर्मतका लागि स्टेटमेन्ट तयार गरिरहेको।

ग) नयाँ ट्रान्सफर्मर जडान योजना

चालु आ.व. मा आवश्यकता अनुसार २ वटा ट्रान्सफर्मर खरिद गर्ने योजना रहेको — यस चालु आ.व. २०७६/७७ मा ३०० के.भी.को २ वटा ट्रान्सफर्मर जडानको लागि नेपाल विद्युत प्राधिकरणमा स्टेटमेन्टको लागि पत्राचार भइरहेको र सो को स्टेटमेन्ट प्राप्त हुना साथ २ वटा टान्सफर्मर जडान गरिने भन्ने जानकारी विद्युत प्राधिकरणका प्रतिनिधिबाट प्राप्त भएको।

घ) उद्योगहरू स्थापनाको लागि प्रोत्साहन योजना

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ (पहिलो संशोधन २०७५) बमोजिम उद्योगीहरूलाइ सहजताको लागि पहिलो वर्ष अर्थात उत्पादन सुरु गरेको १ वर्ष सम्म उद्योगको उत्पादन/सेवा पूर्ण रुपमा आन्तरिक

बजारमा बिक्री गर्ने प्रावधान भएको। साथै विशेष आर्थिक क्षेत्र ऐन तथा नियमावली अनुसार उद्योगीलाई प्रदान गर्ने सेवा सुविधाहरू एकद्धार प्रणाली बमोजिम सहज रुपमा प्रदान गर्ने योजना रहेको ।

ङ) कानुन निर्माण, संशोधन, जनशक्ति व्यवस्थापन र क्षमता विकास योजना

हरेक वर्ष आवश्यकता अनुसार नियमित मर्मत सम्भार कार्य गर्दै आएको ट्रान्सफर जडानको कार्य चालु आ.व.मा सम्पन्न हुने र आवश्यकताअनुसार ऐन संशोधन गरिएको र नियमावली संसोधनको क्रममा रहेको। जनशक्ति व्यवस्थापनका लागि विशेष आर्थिक संग प्राधिकरण कर्मचारी सेवा शर्त नियमावली मस्यौदा सहमतिको लागि लोकसेवा आयोग पठाइएको सो विनीयमावली स्वीकृत भएपछि जनशक्ति व्यवस्थापन सहज हुने।

आगामी ५ वर्ष सम्म भैरहवा सेजलाई पूर्ण रुपमा सञ्चालन ल्याई करिव ४ हजारको हाराहारीमा रोजगारी सिर्जना गरी प्रतिवर्ष करिव १ अर्वको निर्यात हुनेछ। त्यस्तै गरी सो क्षेत्रबाट आयात प्रतिस्थापनमा करिव ५० करोडको योगदान हुनेछ।

४.६ आयोजनाको औचित्यता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपना

यस आयोजनाको औचित्यता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपनाको विश्लेषण गर्दा विभिन्न विषयगत र गुणात्मक विश्लेषण गरी प्राप्त नतिजाहरूलाई अति उत्तम, उत्तम, मध्यम, निम्न र अति निम्न गरी पाँच विभिन्न स्तरमा दिइएको छ ।

विशेष आर्थिक क्षेत्र, भैरहवा स्थापनाको प्रमुख उद्देश्य निर्यात प्रवर्द्धन गर्नु हो। निर्यातयोग्य उद्योगहरूलाई विशेष सहुलियत, सुविधा तथा सेवाहरू एकै प्रणालीबाट प्रदान गरी उद्योग स्थापाना गर्न प्रोत्साहन गर्ने र यसबाट उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा निर्यात प्रवर्द्धन गर्ने अभिप्रायले विशेष आर्थिक क्षेत्र स्थापना गरिएको हो। ऐनद्वारा परिलक्षित उक्त उद्देश्यअनुरूप स्थापना भएको यो नेपालको पहिलो विशेष आर्थिक क्षेत्र पनि हो। नेपालको एक प्रमुख भन्सारविन्दु नजिकै रहेको र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको अन्तिम चरणमा रहेकोले पनि यस आर्थिक क्षेत्रको सान्दर्भिकता झन् महत्वपूर्ण हुँदै गएको छ। यसको सफल सञ्चालनबाट सरकाले लिएको लक्ष्य बमोजिम अन्य क्षेत्रमा

समेत विशेष आर्थिक क्षेत्र स्थापना गर्ने सान्दर्भिकता स्थापित हुन्छ। यस अर्थमा यो आयोजनाको **उत्तम औचित्यता** रहेको छ।

यस आयोजनाको प्रभावकारिता विश्लेषण गर्दा आयोजनाको कार्यान्वयनपछि स्थापित उद्योगहरूको संख्या, तिनको अवस्था, निर्मित भौतिक पुर्वाधार तथा जग्गा प्लटहरूको उपयोगको अवस्था, उत्पादन र निर्यातको अवस्था आदि पक्षहरू विचार गरिएको छ। हालसम्म सबै जग्गा प्लटहरू उद्योगी व्यवसायीहरूले लिजमा नलिएको, कतिपय प्लटहरू व्यवसायीहरूले केही समय लिजमा लिएर फिर्ता गरेको र सो बापतको भाडा बैंक ग्यारेन्टीबाट असूल उपर गर्नुपरेको, पछिल्लो समयमा, भौतिक संरचना निर्माण भएको लामो समयपछि र विशेष आर्थिक क्षेत्रको औपचारिक उद्घाटन भएको लामो समयपछि न्यून संख्यामा उद्योग स्थापना भएको, स्थापित उद्योगहरूले भरखरमात्र उत्पादन तथा निर्यात शुरू गरेको, रोजगारीको संख्या पनि न्यून रहेको, कामदारहरूले सुरक्षित रूपले काम नगरेको, भौतिक संरचनाहरू उपयोगविहिन अवस्थामा रहेको र उद्योगी व्यवसायीहरू विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना गर्न राम्रोसंग उत्साहित नपाईएको जस्ता कारणले आयोजना प्रभावकारी रूपमा सञ्चालन भएको छैन। यसको **प्रभावकारीता निम्नस्तर**को रहेको छ।

त्यसैगरी, आयोजनाको कार्यदक्षता मुल्यांकन गर्दा आयोजनाले हालसम्म हासिल गरेको प्रगतिलाई आधार मानिएको छ। यस आयोजनाको निर्माण चरणको लगभग सबै कार्य सम्पन्न भई विशेष आर्थिक क्षेत्र समयमै सञ्चालनमा आएको छ। निर्माण भएका अधिकांश भौतिक संरचनाहरू प्रयोग गर्न सकिने अवस्थामै रहेका छन्। कार्यालको संगठन संरचना तथा दरबन्दी सिर्जना भई केही कर्मचारीहरू काममा रहेका छन्। उद्योग स्थापना तथा सञ्चालन सम्बन्धी सेवाहरू एकल विन्दुबाट प्रवाह गर्ने प्रयास गरी निजी क्षेत्रका बैंक, बीमा कम्पनीहरूले पनि विशेष आर्थिक क्षेत्रभित्रबाट सेवा शुरु गरेको र भन्सार सेवा पनि दिने गरी तयारीका कार्य शुरू भएका छन्। उद्योग व्यवसायीसंग विशेष आर्थिक क्षेत्रको दोहोरो संवाद भईरहेको छ। यसरी, यस आयोजनाको **कार्यदक्षता मध्यमस्तर**को रहेको मूल्याङ्कन गरिएको छ।

आयोजनाको दिगोपना विश्लेषण गर्दा यो आयोजनाबाट उपेक्षित उपलब्धी मध्यम देखि दीर्घकालसम्म हासिल हुन सक्ने वा नकस्ने कुराको विचार गरिन्छ। विशेष आर्थिक क्षेत्र संञ्चालनमा आएको लामो समयसम्म पनि उद्योग स्थापना नभएको कुरालाई विचार गरी समस्या समाधान गर्ने क्रममा तत्कालीन ऐनमा रहेको उत्पादनको कम्तीमा ९० प्रतिशत निर्यात गर्नुपर्ने प्रावधान खुकुलो पार्दै हाल ६० प्रतिशतमा कायम रहेपछि उद्योगहरू स्थापना हुने क्रम सामान्य बढेको छ। यो प्रावधान अझ खुकुलो बनाउनेतर्फ पनि पहलहरू भएका छन्। आयोजनामा बांकी रहेको निर्माण कार्य सम्पन्न गर्न बजेट विनियोजना भएको, विद्यमान भौतिक संरचनाहरू नियमित मर्मत सम्भारको कार्य अगाडि बढेको, बीमा र बैंकले सेवा शुरु गरेको छ। एकपटक उद्योग स्थापना गर्दा धेरै तयारी र लगानी गर्नुपर्ने भएको र स्थापना गरिसकेपछि बन्द गर्दा नोक्सान हुने भएकोले पनि व्यवसायीहरू राम्रो अध्ययन गरेर मात्र उद्योग स्थापना गर्ने हुन्छन्। आगामी दिनमा विशेष आर्थिक क्षेत्रमा थप उद्योगहरू स्थापना हुने भरपर्दो सम्भावना देखिएपनि भैरहवा विशेष आर्थिक क्षेत्रसंग आगामी दिनका लागि रणनितिक व्यवसायीक योजना छैन। लामो समयसम्म व्यवसायीबाट माग भएको विद्युत सबस्टेशन निर्माण कार्य अगाडि बढेको छैन। भैरहवा विशेष आर्थिक क्षेत्रको हालको अवस्था र आगामी दिनको योजनाविहीन अवस्था विचार गर्दा यसको **दिगोपना मध्यमस्तर**को रहेको पाईयो।

विशेष आर्थिक क्षेत्रको औपचारिक उद्घाटन भएपनि पूर्णरूपमा सेवाहरू सञ्चालनमा आएका छैनन् । यो स्थापना गर्दा उद्योगीहरू विशेष आर्थिक क्षेत्रमा आउने चुनौती र प्राथमिकता के हुन्छन् भनी विश्लेषण नगरी स्थापना गरेको जस्तो देखिन्छ। निर्माण कार्य सबै पूरा भएको छैन। उद्योगहरू न्यून संख्यामा स्थापित भएका छन्। तिनीहरूको उत्पादनको स्तर र रोजगारीको स्तर पनि न्यून छ। उल्लेखनीय संख्यामा उद्योगहरू स्थापना भई सञ्चालन आएपछि मात्र यो आयोजनाबाट, उत्पादन, निर्यात, रोजगारी, आर्थिक वृद्धि तथा अन्य आर्थिक सामाजिक तथा पर्यावरणीय पक्षहरूको प्रभाव मूल्याङ्कन गर्न सकिने हुन्छ।

४.७ आयोजनाको सबल तथा दुर्बल पक्षहरू र अवसर तथा चुनौती

विशेष आर्थिक क्षेत्र, भैरहवाको मूल्याङ्कन गर्दा विशेषगरी गुणात्मक विश्लेषण र *SWOT Analysis* गरिएको छ। गुणात्मक विश्लेषण गर्दा प्राथमिक तत्थ्यांकका रुपमा सरोकारवाला निकायहरूको विचार, राय, सिकाई र बुझाईलाई आधार लिइएको छ भने द्वितीय तथ्यांकका लागि डेस्क अध्ययन, प्रतिवेदन, विशेष आर्थिक क्षेत्र ऐन लगायतका स्रोतहरूको प्रयोग गरिएको छ। *SWOT Analysis* मा सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको विश्लेषण गरिएको छ।

सबल पक्ष

- औद्योगिक नीति, २०६७, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ आदि जारी भै कार्यान्वयनमा रहेको।
- औद्योगिक सुरक्षाको ग्यारेण्टी गरिएको।
- निजी लगानीमा विशेष आर्थिक क्षेत्र (सेज) स्थापना गर्न पाउने कानुनी व्यवस्था।
- विदेशी लगानीकर्ताहरूले शेयर बिक्रीबाट प्राप्त रकम, लाभाशंको रकम र लगानीकर्ताहरूको ऋण साँवा व्याज भुक्तानीको रकम विदेशी मुद्रामा लैजान पाउने व्यवस्था।
- सेजमा स्थापना भै सञ्चालन हुने उद्योगहरू राष्ट्रियकरण नहुने प्रत्याभूति।
- मू.अ.कर, भन्सार महसुल र आयकरमा छुट पाउने व्यवस्था।
- भू बहालमा छुट सम्बन्धी व्यवस्था।

दुर्बल पक्ष

- पाइलट प्रोजेक्टको रुपमा निर्माण गरिएको भैरहवा विशेष आर्थिक क्षेत्र उद्देश्य अनुरूप सञ्चालन हुन नसकेको ।
- कार्यकारी निर्देशकको नियुक्ति समयमा हुन नसकेको।
- एकद्वार एकाईको स्थापना हुन ढिलाई हुनु।
- विशेष आर्थिक क्षेत्र ऐन र आर्थिक का बीच सामञ्जस्य गर्न नसकिएको ।
- औद्योगिक सुरक्षाको दृष्टिकोणबाट सम्बन्धित विज्ञको राय समावेश नगरी विशेष आर्थिक

क्षेत्रको विस्तृत इन्जीनियरिङ्ग प्रतिवेदन स्वीकृत गरी कार्यान्वयन गरिनु।

अवसर

- विदेशी लगानीकर्ताको लागि कानुनी र प्रकृयागत सहजता हुनु।
- खानीजन्य उद्योग, जडिबुटी र हर्बल सँग सम्बन्धित उत्पादनको विदेशमा उच्च माग रहेको।
- देशमा पर्याप्त विद्युत् उर्जाको उपलब्धता।
- सेजमा स्थापना हुने उद्योगहरूलाई विशेष व्यवहार गरिने कानुनी व्यवस्था।
- सस्तो श्रमबजार।
- गार्मेन्ट सम्बन्धी उत्पादनको लागि विभिन्न देशहरूमा नेपालको लागि कोटा उपलब्ध रहेको।

चुनौती

- कम्तिमा ६० प्रतिशत निकासी गर्नुपर्ने थ्रेसहोल्ड अनुसार सबै उद्योगले निकासी गर्नु।
- गुणस्तर र मूल्यमा अन्तर्राष्ट्रिय बजारमा हुने प्रतिस्पर्धा।
- भु-परिवेष्ठित अवस्थिति।
- नव उद्यमीहरूको विशेष आर्थिक क्षेत्रप्रतिको आकर्षण बढाउनु ।

परिच्छेद ५
निष्कर्ष तथा सुझाव

यस परिच्छेदमा विशेष आर्थिक क्षेत्र, भैरहवाको विभिन्न पक्षको मूल्याङ्कन गर्दा देखिएका समस्या र चुनौतीको विश्लेषणका निष्कर्ष समेटिएको छ। मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा यस परियोजनासंग सम्बन्धित समस्या समाधान गर्न अबलम्बन गर्नुपर्ने व्यवहारिक सुझावहरू दोस्रो खण्डमा प्रस्तुत गरिएको छ। आगामी दिनमा विशेष आर्थिक क्षेत्रका अन्य परियोजनाहरू कार्यान्वयन गर्दा विचार पुर्‍याउनुपर्ने विभिन्न पक्षहरूलाई समेत अतिरिक्त सुझावका रूपमा प्रस्तुत गरिएको छ।

विशेष आर्थिक क्षेत्रलाई प्रभावकारी रुपमा उपयोगमा ल्याउनका लागि हाल कार्यान्वयनमा रहेको भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन गर्दा आईपरेको बाधा अवरोध न्यूनीकरण गर्न सुझाव प्रस्तुत गर्ने र विशेष आर्थिक क्षेत्रको स्थापना तथा सञ्चालनमा पनि सहयोग पुग्ने उद्देश्य राखी यो आन्तरिक मूल्याङ्कन गरिएको हो। यो मूल्याङ्कन गर्दा डेस्क अध्ययन, राष्ट्रिय नीति तथा क्षेत्रगत नीति, सम्बन्धित विद्यमान कानुन, आयोजना दस्तावेज, प्रगति प्रतिवेदन तथा विवरणहरूको अध्ययन, समूह केन्द्रित छलफल, जानिफकारहरूसंग छलफल तथा अन्तर्वार्ता पनि गरिएको थियो। आयोजनाको स्थलगत अबलोकन तथा निरिक्षण, सरोकारवालासंग अन्तरक्रिया तथा संवाद गरिएको थियो ।

५.१ निष्कर्ष

उद्योग स्थापनालाई प्रोत्साहन दिई उत्पादन तथा उत्पादकत्व वृद्धि, निर्यात प्रवर्द्धन र रोजगारी सिर्जना गर्न विभिन्न देशहरूमा विशेष आर्थिक क्षेत्रको स्थापना र सञ्चालन भएका छन् । नेपालमा पनि यिनै उद्देश्य राखी विशेष आर्थिक क्षेत्र सञ्चालन गर्ने प्रयास स्वरूप देशको पहिलो आर्थिक क्षेत्रको परियोजनाको रूपमा भैरहवा विशेष आर्थिक क्षेत्रको स्थापना गरिएको हो। स्थापना भई सञ्चालनमा आएको करिब एक दशक समय भईसक्दा सम्म पनि अपेक्षित रूपमा उद्योग धन्दा स्थापना हुन नसकेको अवस्थामा विशेष आर्थिक क्षेत्रको भौतिक, व्यवस्थापकीय तथा अन्य पक्षहरूको अध्ययन र समग्र सरोकारवालासंग अन्तरक्रिया गरी उद्योग स्थापनामा देखिएका समस्या पहिल्याउने कार्य यस मूल्याङ्कनले गरेको छ। मूल्याङ्कनबाट भौतिक पूर्वाधार निर्माणको कार्य सन्तोषजनक रूमपमा सम्पन्न भएपनि देशको

समग्र उद्योग क्षेत्रको गिर्दो अवस्था, उद्योगको प्रतिस्पर्धी क्षमतामा कमी र तुलनात्मक लाभका वस्तु तथा सेवाको पहिचान र विकासको अभाव, केही बाध्यकारी कानुनी प्रावधान र उद्योग स्थापनामा प्रक्रियागत जटिलताका कारणले विशेष आर्थिक क्षेत्रमा अपेक्षित रूपमा उद्योगधन्दा स्थापना हुन नसकेको देखिएको छ । खासगरी उद्योगीहरूले अनिवार्य निर्यातको सीमाको कारण प्रतिस्पर्धात्मक क्षमता र तुलनात्मक लाभ भएका वस्तु विकास गर्न नसकेको, कच्चा पदार्थ र मेशिनरीको आयातमा राखेको बैंक ग्यारेन्टीको फुकुवामा कानुनी प्रावधानहरु कसिलो भएको र विद्युत सब स्टेशन तथा तौल मेशिन जडान कार्य समेत नभएको र स्थायी रूपमा कर्मचारी व्यवस्था गर्न नसकेकोले प्राधिकरण विशेष आर्थिक क्षेत्र पूर्ण सञ्चालन गर्न आवश्यक सम्पूर्ण कार्य सम्पन्न गर्न नसकेको दखिन्छ। एकातर्फ उद्योगीहरू सरकारका तर्फबाट हुने काम पहिले सम्पन्न होस् र उद्योग स्थापना गरौंला भन्ने र अर्कोतर्फ विशेष आर्थिक क्षेत्रबाट पनि उद्योग स्थापना भएमा सम्पूर्ण सेवाहरू उपलब्ध गराउने प्रतिबद्धता आएकोले पनि समस्या भएको देखिन्छ । धेरै सेवा एक स्थानबाट प्रवाह गर्नुपर्ने भएकोले सरकारकै सेवा प्रदायक निकायहरूबीच समन्वयको खाँचो पनि टड्कारो समस्याको रूपमा देखिन्छ ।

५.२ सुझावहरू

५.२.१ समस्या तथा चुनौती सम्वोधन गर्न अबलम्बन गर्नुपर्ने उपायहरूः

क) विशेष आर्थिक क्षेत्रसंग सम्बन्धित कानुनी तथा अन्य व्यवस्था सम्बन्धमाः

- विशेष आर्थिक क्षेत्र ऐनलाई पटक पटक आर्थिक विधेयकले काट्ने हुँदा यसलाई समन्वयात्मक रुपमा लैजानु पर्ने।
- करका दर निर्धारण गर्दा विशेष आर्थिक क्षेत्रको प्रवर्धनमा टेवा पुग्नेगरी अर्थ मन्त्रालयले पुनरावलोकन गर्न उपयुक्त हुने। यसले गर्दा लगानीकर्ता तथा उद्योगीहरूमा नीतिगत स्थिरता रहेको अनुभूती हुनेछ।
- विशेष आर्थिक क्षेत्रमा उद्योग सञ्चालन गर्न आउने उद्योगीहरूले माग गर्ने आयोजना ऋणको प्रवाह सरल र सहज बनाउनुपर्ने।
- उद्योग स्थापनाका सुरुका वर्षमा लचिलो कर नीति लिनुपर्ने।

- निर्यातमा सहजता हुनेगरी हालको ६० र ४० प्रतिशतको निर्यात अनुपातलाई पुनरावलोकन गरी ५०–५० प्रतिशत कायम गर्नुपर्ने।
- प्लटको लिजमा लिने भाडा दर रु.२० प्रति वर्ग फिट रहेको छ। अन्य राष्ट्रहरूको दररेट अध्ययन विश्लेषण गरी उक्त दरलाई समयानुकुल परिमार्जन गर्नुपर्ने।
- कच्चा पदार्थ, उपकरण आदि आयात गर्दा व्यवसायीले भन्सारमा तोकिएको रकम बैंक ग्यारेन्टी राख्नुपर्ने भएकोले लगानी परिचालनमा समस्या भएको देखिएकोले बैंक ग्यारेन्टी फुक्का प्रकृया सरलीकृत गर्नुपर्ने।

ख) एकद्वार प्रणाली, भन्सार रहित सेवा तथा भन्सार प्रक्रिया सम्बन्धमा

- भन्सारका प्रक्रियालाई सरलीकृत गर्ने। उच्च क्षमताको एकीकृत पोर्टल बनाई लागु गर्ने। यसो हुँदा समय समयमा सर्भरमा आउने सुस्तता हट्न गई निजी व्यवसायीको लागतमा कटौती हुनेछ।
- विजुलीको निरन्तर आपूर्तिको व्यवस्था मिलाउनुपर्ने।
- एकद्वार सेवा प्रणालीलाई यथाशिघ्र कार्यान्वयन गर्नुपर्ने।
- विदेशी राष्ट्रबाट लोडेड ट्रक बोर्डरबाट भित्र प्रवेश भएको समयले ७२ घण्टाभित्र वहिर्गमन हुनुपर्ने कानुनी व्यवस्थालाई पुनरावलोकन गर्नुपर्ने।
- उद्योग वाणिज्य संघबाट जारी हुने उत्पत्तिको प्रमाणपत्रका लागि लिईने शुल्क ०.१२ प्रतिशतलाई पुनरावलोकन गरी छिमेकी मुलुकको तुलनामा प्रतिस्पर्धी बनाउने। उक्त Certificate of Origin विशेष आर्थिक क्षेत्र भित्रैबाट जारी गर्ने व्यवस्था गर्नुपर्ने।

ग) श्रमिक अधिकार, औद्योगिक सुरक्षा तथा औद्योगिक श्रम सम्बन्ध

- उद्योग भित्र कार्यरत जनशक्तिको स्वास्थ्य तथा व्यवसायजन्य सुरक्षाको विषयलाई ध्यान दिने। न्यूनतम पारिश्रमिक, सुरक्षित श्रम, श्रमिक दुर्घटना बिमा आदिको व्यवस्था गर्नुपर्ने।
- श्रम कार्यालयबाट नियमित अनुगमन गरी कार्यरत जनशक्तिको व्यावसायिक सुरक्षामा चासो बढाउन पहल गर्नुपर्ने।

- कार्यरत जनशक्तिको तलब, सुविधा लगायतका अतिरिक्त समय भत्ता जस्ता मौद्रिक भुक्तानी विशेष आर्थिक क्षेत्र वैंकिङ्ग प्रणालीबाट मात्र हुने व्यवस्था मिलाउने।

घ) रोजगारी, सीप तथा स्थानीय मूल्य श्रृंखला

- उद्योग स्थापना गर्दा निश्चित प्रतिशत रोजगारी नेपाली नागरिकले पाउने अनिवार्य व्यवस्था गर्नुपर्ने।
- स्थानीय तथा नेपाली रोजगारीका लागि श्रमिकलाई सीप, क्षमता विकासका लागि मागका आधारमा तालिम, प्रशिक्षण दिने व्यवस्था गर्नुपर्ने।
- उद्योग कलकारखानालाई चाहिने कच्चा पदार्थको पहिचान र प्रयोगका लागि अध्ययन अनुसन्धान गर्नुपर्ने।

ङ) विशेष आर्थिक क्षेत्र भित्रको जनशक्ति तथा कार्यालय व्यवस्थापन

- कर्मचारीहरूको सेवा शर्त विनियमावली यथाशिघ्र पारित गर्नुपर्ने।
- दरवन्दी अनुसारको रिक्त पदमा तत्काल जनशक्ति भर्ना गर्नुपर्ने। संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अनावश्यक दरबन्दी हटाई अत्यावश्क दरवन्दी थप गर्नुपर्ने।
- कर्मचारीको क्षमता विकास गर्न समयानुकुल तालिमको व्यवस्था सहितका अन्य उत्प्रेरक तत्वहरूको व्यवस्था गरेर कर्मचारीलाई संगठनप्रति अपनत्वबोध गराउने।

च) अन्य

- निर्माण भएका संरचनाहरूको नियमित मर्मत संभार गर्नुपर्ने,
- व्यापार/वाणिज्य संग सम्बन्धित सुविधालाई प्रयोग गर्न राज्य र निजी क्षेत्रले आवश्यक समन्वय गर्नुपर्ने।
- नेपाली सामाग्रीको निर्यात हुने पहिलो बजार भारत भएकाले भारतले आफ्नो वाणिज्य सम्बन्धी कानुन, नीतिको संशोधन गर्दा नेपाली निर्यातकर्तालाई असर पर्ने हुँदा दुई राष्ट्रबीच सम्झौता गरी यस किसिमको समस्या समाधान गर्न पहल गर्नुपर्ने।

५.२.२ भविष्यमा विशेष आर्थिक क्षेत्र स्थापना गर्दा ध्यानदिनुपर्ने विषयहरू

क. विशेष आर्थिक क्षेत्र घोषणा गर्नुपूर्व निर्यात तथा उत्पादनको सम्भाव्यता अध्ययन तथा लागत लाभ अनुपात, आन्तरिक प्रतिफलको दर, वित्तीय आन्तरिक प्रतिफलको दर अध्ययन विश्लेषण गरेर मात्र घोषणा तथा कार्यनान्वयन गर्ने नीति लिनु पर्ने ।

ख. विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना गर्न इच्छुक उद्योगीहरूलाई विशेष आर्थिक क्षेत्र पूर्वाधार निर्माणकै क्रममा आव्हान गर्नुपर्ने।

ग. विशेष आर्थिक क्षेत्रमा पूर्वाधारको कार्य खरीद गरुयोजना तथा वार्षिक खरीद योजना वनाई मात्र गर्नुपर्ने।

घ. विशेष आर्थिक क्षेत्र, भैरहवाको पूर्वाधार निर्माणको ठेक्का व्यवस्थापन सम्बन्धी कुनै कागजात फेला नपरेकोले आगामी दिनमा ठेक्का संग सम्वन्धित कागजातको अभिलेखिकरण तयार गर्नुपर्ने।

ङ. विशेष आर्थिक क्षेत्रमा प्रदुषणयुक्त तथा वातावरणीय रुपमा नकारात्मक प्रभाव पार्ने उद्योगहरू स्थापना गर्दा, गर्न अनुमति दिदा विशेष सतर्कता अपनाउने। यस कार्यमा सरोकारवालासंगको समेत सहभागिता सुनिश्चित गर्नुपर्ने।

च. विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगलाई आवश्यक पर्ने जनशक्ति स्थानीय तहमै आपूर्ति गर्ने गरी स्थानीय जनसमुदायमा तालिम तथा सीप विकासका कार्यक्रम समयमै सञ्चालन गर्ने गरी कार्यक्रम वनाउने।

छ. विशेष आर्थिक क्षेत्रमा भौतिक पूर्वाधारको निर्माणसंगै एकद्वार सेवा प्रणाली संञ्चालन गर्नेगरी कार्ययोजना तयार गर्ने र निजी सेवा प्रदायकहरूलाई पनि विशेष आर्थिक क्षेत्रमा आवश्यक पर्ने सेवा प्रवाह गर्ने गरी समन्वय गर्नुपर्ने।

सन्दर्भ सूची

१. कानुनी किताबखाना, २०७३, विशेष आर्थिक क्षेत्र ऐन, २०७३।

२. नेपाल कानुन आयोग, २०७६, औद्योगिक नीति, २०६३, काठमाण्डौ ।

३. नेपाल कानुन आयोग, २०७५, विशेष आर्थिक क्षेत्र नियमावली, २०७४।

४. राष्ट्रिय योजना आयोग, २०७३, चौधौं योजना, काठमाण्डौं, नेपाल।

५. राष्ट्रिय योजना आयोग, २०७६, पन्ध्रौं योजना, काठमाण्डौं, नेपाल।

६. राष्ट्रिय योजना आयोग, २०७५, राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५, काठमाण्डौं।

७. नेपाल कानुन आयोग, २०६९, विशेष आर्थिक क्षेत्र विकास समिति गठन आदेश, २०६९, काठमाण्डौ ।

८. Aggarwal, A., Hoppe, M., & Walkenhorst, P. (2008). Special Economic Zones in South Asia: Industrial Islands or Vehicles for Diversification?. *The World Bank, Washington, DC*.

९. Baissac, C. (2011, Feb). https://www.researchgate.net/profile/Claude_Baissac. Retrieved from https://www.researchgate.net.

१०. Brief History of SEZs and Overview of Policy Debates, C. B. (2011, Feb). https://www.researchgate.net/publication/301090540_Brief_History_of_SEZs_and_Overview_of_Policy_Debates. Retrieved from https://www.researchgate.net.

११. Bussiness Map of India. (2015, May 29). Retrieved from https://business.mapsofindia.com/sez/history-india.html: https://business.mapsofindia.com/sez/history-india.html

१२. Claude_Baissac. (2011, Feb). https://www.researchgate.net/publication/301090540_Brief_History_of_SEZs_and_Overview_of_Policy_Debates. Retrieved from ttps://www.researchgate.net.

१३. SEZ Authority. (2011). https://www.seznepal.gov.np/content.php? Retrieved February 11, 2020, from https://www.seznepal.gov.np/: https://www.seznepal.gov.np/content.php?

१४. Wikipedia, t. f. (2018, May). Wikipedia: WikiProject. Retrieved from https://en.wikipedia.org/wiki/Wikipedia:WikiProject.

अनुसूचीहरू

अनुसूची १ - भैरहवा विशेष आर्थिक क्षेत्रको गुरूयोजनाको तस्वीर



अनुसूची २ - प्रश्नावली तथा छलफलमा सहभागीहरूको विवरण

सि.नं.	समुह	संख्या	राखिएका जिज्ञासा/सवालहरू
१.	उद्योग वाणिज्य संग नेपाल उद्योग परीसंघ, उद्योग व्यापार संघ लगायतसंग	७०	१. विशेष आर्थिक क्षेत्रको नियम कानुनको वारेमा जानकारी कति छ र छ भने त्यसमा सुधार गर्न सकिने कहि सुझाव छन की ? २. विशेष आर्थिक क्षेत्रप्रतिको धारणा के छ ? समन्वय के छ ? ३. समस्याको सम्वोधन भएको छ/छैन ? ४. विशेष आर्थिक क्षेत्रले के गऱ्यो भने निजी क्षेत्र उत्प्रेरित भएर विशेष आर्थिक क्षेत्रसंग आवद्ध हुन आउछ ? ५. निजी क्षेत्रले विशेष आर्थिक क्षेत्रवाट उत्पादित सामानको बजार अध्ययन गरेको छ छैन बजार प्रतिको धारणा के छ ? ६. बजार र पुर्बाधारका लागि सरकार संगको अपेक्षा के छ ? निर्यात प्रवर्धनको लागि सरकार संगको अपेक्षा के छ ? ७. विशेष आर्थिक क्षेत्रको स्थानान्तरणको वारेमा धारणा के छ ? ८. सेवाको गुणस्तरीयता र फोहोर व्यवस्थापन तथा वातावरणीय प्रभाव के कस्तो छ ?
२.	Exsiting partner लगायतसंग	३०	१. Production को अवस्था के छ? २. विशेष आर्थिक क्षेत्रले दिने सेवा सुविधा के कस्तो छ र सुधार गर्नुपर्ने विषयहरू के के छन् ? ३. Production र Supply मा के-के Bottle Neck रहेको छन (उत्पादन देखि निर्यात सम्मको Direct/Indirect)? ४. Quality Assurance को लागि के-कस्ता कार्यविधिहरू अपनाइएको छ? ५. राज्यले कानुन बमोजिम उपलव्ध गराउने भनेका सेवा सुविधा पाएको छ छैन ? पाएको भए थप अपेक्षा के छ ? ६. सेवाको गुणस्तरीयता र फोहोर व्यवस्थापन तथा वातावरणिय प्रभाव के कस्तो छ ? ७. अन्यकुरा केही छ की ?
३.	Local office / NGO/INGO/ Public तथा नागरिक समाज लगायतसंग	३६	१. विशेष आर्थिक क्षेत्रको विषयमा जानकारी के कति छ ? २. विशेष आर्थिक क्षेत्रस्थापना भएर के फाइदा /वेफाइदा भएको छ ? ३. स्थानियले रोजगारी के कति पाएका छन ? थप क्रियाकलापहरूमा के कस्तो प्रभाव पारेको छ ? ४. आर्थिक गतिविधिहरूमा परिवर्तन भएको छ या छैन ? ५. विशेष आर्थिक क्षेत्रले स्थानिय अफिस संग समन्वय गरेको छ या छैन ?

सि.नं.	समुह	संख्या	राखिएका जिज्ञासा/सवालहरू
			६. सेवाको गुणस्तरीयता र फोहोर व्यवस्थापन तथा वातावरणिय प्रभाव के कस्तो छ ?
४.	विशेष आर्थिक क्षेत्र, भैरहवाका कर्मचारीहरूसंग	१७	१. विशेष आर्थिक क्षेत्रको विषयमा जानकारी के कति छ ? २. विशेष आर्थिक क्षेत्रस्थापना भएर के फाइदा /वेफाइदा भएको छ ? ३. स्थानियले रोजगारी के कति पाएका छन ? ४. थप क्रियाकलापहरूमा के कस्तो प्रभाव पारेको छ ? ५. आर्थिक गतिविधिहरूमा परिवर्तन भएको छ या छैन ? ६. विशेष आर्थिक क्षेत्रले स्थानिय अफिस संग समन्वय गरेको छ या छैन ? ७. सेवाको गुणस्तरीयता र फोहोर व्यवस्थापन तथा वातावरणिय प्रभाव के कस्तो छ ? ८. अन्यकुरा केही छ की ?

अनुसूची ३ - बिशेष आर्थिक क्षेत्र भैरहवाको संगठन संरचना तथा दरबन्दी तेरिज

व्यवस्थापक (प्र)
तह-८

सुरक्षा अधिकारी तह ६ १

केमिकल इन्जिनियरिङ्ग तथा वातावरण शाखा

इ. केमिकल	तह-७	१
सुपरभाइजर	तह ४	१
प्लम्बर	तह ४	१
जम्मा		**३**

मेकेनिकल इन्जिनियरिङ्ग शाखा

इ. मेकेनिकल	तह ७	१
इलेक्ट्रिसियन	तह ४	१
जम्मा		**२**

I.T ईन्जिनियर	तह ७	१
व. सहायक(सूचना प्रविधि)	तह ५	१
जम्मा		**२**

सरसफाइ तथा सुरक्षा इकाइ
सुरक्षा गार्ड, पाले माली, स्वीपर (सेवा करारबाट काम लगाउने)

उद्योग प्रशासन तथा एकद्वार शाखा

प्रशासकिय अधिकृत	तह ६	१
वरिष्ठ सहायक	तह ५	१
कम्प्युटर अपरेटर	तह ५	१
सुपरभाइजर	तह ४	२
ह.स.चा (करार)	तह ३	१
का.स. (करार)		४
		१०

आर्थिक प्रशासन खरीद एकाई शाखा

लेखा अधिकृत	तह ७	१
सुपरभाइजर	तह ४	१
		२

दरबन्दी विवरण

सि.नं. पद	तह	संख्या
१. व्यवस्थापक	८	१
२. ईन्जिनियर (मे.ई.)	७	१
३. ईन्जिनियर केमिकल	७	१
४. I.T ईन्जिनियर	७	१
५. सुरक्षा अधिकारी	६	१
६. प्रशासकिय अधिकृत	६	१
७. लेखा अधिकृत	७	१
८. वरिष्ठ सहायक (सूचना प्रविधि)	५	१
९. वरिष्ठ सहायक (प्र)	५	१
१०. कम्प्यूटर अपरेटर	५	१
११. इलेक्ट्रिसियन	४	१
१२. प्लम्बर	४	१
१३. सुपरभाइजर	४	४
१४. ह.स.चा.	३	१
१५. का.स./ पाले		४
जम्मा		**२१**

- **पाले, सुरक्षागार्ड, सेवा करारबाट लिने**
- **ह.स.चा., का.स. जस्ता पदहरु स्वीकृत दरबन्दी भित्र रही सेवा करारमा लिने**
- **ढल, विद्युत,पानी जस्ता सपोर्ट सर्भिस आवश्यकता अनुसार सेवा करारबाट लिने**

अनुसूची ४ – संचालनमा आएका उद्योगहरुको सूची

हाल पूर्ण संचालित उद्योग संख्या = ३ वटा

उत्पादन परीक्षणको चरणमा रहेका उद्योग संख्या = १ वटा

सि.नं.	उद्योगको नाम	उत्पादन र निर्यात गर्ने लक्ष्य लिएको वस्तु तथा सामानको विवरण	भाडामा लिएको प्लट संख्या	भाडा तिरेको मिति	वार्षिक लक्ष्य (मे.ट.मा)	लागत पुजी (ने.रु.)	रोजगारी सिर्जनाको अपेक्षा	कैफियत
१	शक्ति मिनिरल्स प्रा. लि.	लाइमस्टोन, डोलोमाइट लम्स, ग्रीट र पाउडर प्रोडक्सन	८	२०७५/०३/१२, २०७५/०९/१२, (उत्पादन शुरु- २०७६/०४/१०)	१०,००,०००	४०,००,००,०००	२००	संचालनमा रहेको
२	ब्रिलियन्ट लाइटिङ्ग इन्डष्ट्रिज प्रा. लि.	एल.ई.डी. लाईट	१	२०७५/०४/१३, २०७५/१०/१३ (उत्पादन शुरु- २०७६/०७/२८)	एल.ई.डी. लाईट- १०,००,००० पीस, आउट डोर लाईट- ३,००,००० पीस, पावर सप्लाई- १,००,००० पीस, अन्य लाइट- ४,००,००० पीस	४,३५,००,०००	५२	संचालनमा रहेको

सि.नं.	उद्योगको नाम	उत्पादन र निर्यात गर्ने लक्ष्य लिएको वस्तु तथा सामानको विवरण	भाडामा लिएको प्लट संख्या	भाडा तिरेको मिति	वार्षिक लक्ष्य (मे.ट.मा)	लागत पुजी (ने.रु.)	रोजगारी सिर्जनाको अपेक्षा	कैफियत
३	विस्तार ग्लोबल प्रा.लि.	स्टेन्सिल स्टिल युटेन्सिल्स	३	२०७६/०५/१७ (उत्पादन शुरु- २०७६/०७/२८)	३६००	२०,४३,५०,५०८	९५	संचालनमा रहेको
४	जय बुद्व मेटल क्राफ्ट प्रा.लि.	मेटल बिक्स (आलुमिनियम, कपर, ब्रास, लिड)	२	२०७५/०४/२०, २०७६/०१/२० २०७६/०५/०१	आलुमिनियम- ६२.२४ कपर-१८.० ब्रास ३०.१ लिड-१०	५,००,००,०००	३८	परीक्षणको रुपमा उत्पादन शुरु गरेको ।

अनुसूची ५ – जमिन भाडामा लिएका तर संचालनमा नआएका उद्योगहरुको सूची

दर्ता भएका तर निर्माण कार्य शुरु नगरेका उद्योग संख्या = १३ वटा

सि.नं.	उद्योगको नाम	उत्पादन र निर्यात गर्ने लक्ष्य लिएको वस्तु तथा सामानको विवरण	भाडामा लिएको प्लट संख्या	भाडा तिरेको मिति	वार्षिक लक्ष्य (मे.ट.मा)	लागत पुजी (ने.रु.)	रोजगारी सिर्जनाको अपेक्षा	कैफियत
१	एस प्लास्टिक प्रोडक्टस	प्लास्टिक पोलिव्याग, डिस्पोजेबल व्याग, प्लास्टिक सिट	१	२०७५/०३/२० २०७५/०९/२०	पोलिव्याग-५० प्लास्टिक सिट - ८ ढलान सिट - १४४ गार्वेज – १५	३,००,००,०००	२१	जमिनको भाडा भुक्तानि गरिरहेको उत्पादन शुरु नगरेको।
२	नीर उद्योग प्रा.लि.	प्लास्टिक ग्रान्युल	४	२०७५/०४/१७	प्लास्टिक ग्रान्युल-१०००	१४,१०,००,०००	९०	जमिनको भाडा २०७५/१०/१८ देखि बाँकी, उत्पादन शुरु नगरेको।
३	ग्रोव-वेल इनोभेशन प्रा.लि.	पाइप	२	२०७५/०४/२० २०७५/१०/२०	१४५०	४,५५,१५,०००	२०	जमिनको भाडा २०७६/०४/१९ देखि बाँकी, उत्पादन शुरु नगरेको।
४	आइ.डी.एस इलेक्ट्रिक प्रा.लि.	ईलेक्ट्रिक भेहिकल एसेम्ली एण्ड कस्मेटिक ईन्डष्ट्री	५	२०७५/०४/२०, २०७६/०१/२२	ईलेक्ट्रिक भेहिकल-१५००० पिस ईलेक्ट्रिक स्कुटी-१००० पिस	२४,४०,००,०००	१४१	अन्तिम भुक्तानीमा आंशिक भाडा बुझाएको, उत्पादन शुरु नगरेको ।

सि.नं.	उद्योगको नाम	उत्पादन र निर्यात गर्ने लक्ष्य लिएको वस्तु तथा सामानको विवरण	भाडामा लिएको प्लट संख्या	भाडा तिरेको मिति	वार्षिक लक्ष्य (मे.ट.मा)	लागत पुजी (ने.रु.)	रोजगारी सिर्जनाको अपेक्षा	कैफियत
५	पन्चकन्या स्टेनलेस स्टील ट्यांक मनुफ्याक्चारिंग कम्पनी	स्टेनलेस स्टील ट्यांक	१	२०७५/०४/२०, २०७५/१०/२०, २०७६/०४/२०	स्टेनलेस स्टील ट्यांक-३६००० पिस	३१,०३,३८,४४१	६२	जमिनको भाडा भुक्तानि गरिरहेको उत्पादन शुरु नगरेको।
६	पन्चकन्या PVC पाइप्स प्रा.लि.	पी.भि.सी. पाईप	१	२०७५/०४/२०, २०७५/१०/२०, २०७६/०४/२०	पी.भि.सी. पाईप-२०००	१०,३७,५६,९४३	७१	जमिनको भाडा भुक्तानि गरिरहेको उत्पादन शुरु नगरेको ।
७	पन्चकन्या CPVC & PPR पाइप्स & फिटिइंग प्रा.लि.	पि.पि.आर. पाइप्स एण्ड फिटिइंग, सि.पि.भि.सी. पाइप्स एण्ड फिटिइंग,	१	२०७५/०४/२०, २०७५/१०/२०, २०७६/०४/२०	पि.पि.आर पाइप्स, फिटिइंग –२००,२०० सि.पि.भि.सी. पाइप्स, फिटिइंग-१५०, ३५०	५७,६०,२१,१९९	१८६	जमिनको भाडा भुक्तानि गरिरहेको उत्पादन शुरु नगरेको ।
८	पन्चकन्या HDPE पाइप्स & फिटिइंग	एच.डी.पीई. पाईप एण्ड फिटिइंग	१	२०७५/०४/२०, २०७५/१०/२०,	एच.डी.पीई. पाईप-४८००	१६,०७,३९,५३३	१४४	जमिनको भाडा भुक्तानि गरिरहेको उत्पादन शुरु

सि.नं.	उद्योगको नाम	उत्पादन र निर्यात गर्ने लक्ष्य लिएको वस्तु तथा सामानको विवरण	भाडामा लिएको प्लट संख्या	भाडा तिरेको मिति	वार्षिक लक्ष्य (मे.ट.मा)	लागत पुजी (ने.रु.)	रोजगारी सिर्जनाको अपेक्षा	कैफियत
	प्रा.लि.			२०७६/०४/२०				नगरेको ।
९	क्रियसन वोर्ल्ड वाइड प्रा.लि.	फुटवेयर एण्ड एक्सेसेरिज	१	२०७५/०४/२२ २०७५/१०/२२ २०७६/०८/१२	फुटवेयर - १००००० पेयर्स	९,२०,००,०००	८१	जमिनको भाडा भुक्तानि गरिरहेको उत्पादन शुरु नगरेको ।
१०	अरिबा एग्रीकल्चर प्रा.लि.	एग्रीकल्चरल प्रोसेस्ड प्रोडक्स, जिन्जर पेस्ट एण्ड जिन्जर आयल	३	२०७५/०५/२० २०७५/११/२० २०७६/०१/२२	एग्रीकल्चरल प्रोसेस्ड प्रोडक्स - १५०० जिन्जर पेस्ट - १००० जिन्जर आयल - ३०	५,५०,००,०००	५४	जमिनको भाडा भुक्तानी गरिरहेको उत्पादन शुरु नगरेको ।
११	नेसनल अर्गानिक प्रा.लि.	सोप वेरिज	३	नतिरेको	५००	६,००,००,०००	५०	निर्माण कार्य शुरु नगरेको।
१२	अरिहन्त एग्रो प्रोसेसिङ्ग इन्डष्ट्रिज प्रा.लि.	लेन्टिल, वालनट, केशनट, माउथ फ्रेस्नर	२	नतिरेको	लेन्टिल-३५०० वालनट-२८० केशनट-१२०० माउथ फ्रेस्नर-२४००	८,४५,००,०००	४०	निर्माण कार्य शुरु नगरेको।

सि.नं.	उद्योगको नाम	उत्पादन र निर्यात गर्ने लक्ष्य लिएको वस्तु तथा सामानको विवरण	भाडामा लिएको प्लट संख्या	भाडा तिरेको मिति	वार्षिक लक्ष्य (मे.ट.मा)	लागत पुजी (ने.रु.)	रोजगारी सिर्जनाको अपेक्षा	कैफियत
१३	कुराकानी अनलाइन प्रा. लि.	डिजिटल वालेट सफ्टवेयर	१	२०७६/०१/१६,	६३० पिस	३,८४,००,०००	४३	जमिनको भाडा भुक्तानि गरिरहेको उत्पादन शुरु नगरेको ।

अनुसूची ६ - अनुगमन तथा मूल्याङ्कनको क्रममा अन्तरक्रिया गर्दाका केही तस्वीरहरू

तस्विर नं.१:आयोगका माननीय सदस्यज्यू र अध्ययन टोली विशेष आर्थिक क्षेत्रको प्रशासकीय भवन अगाडि

तस्विर नं.२: उद्योग वाणिज्य संघ, भैरहवाको हलमा व्यवसायी तथा निजीक्षेत्रका प्रतिनिधीसंग अन्तरक्रिया

तस्विर नं.३: विशेष आर्थिक क्षेत्रको सभाहलमा स्थानीय जनप्रतिनिधि, उद्योगी व्यवसायी र जनसमुदायसंग छलफल

तस्विर नं. ४: विस्तार ग्लोवल प्रा.लि.उद्योगवाट उत्पादित वस्तुहरुको निरिक्षणको क्रममा

तस्विर नं.५: विशेष आर्थिक क्षेत्रभित्र जय बुद्ध मेटल क्राफ्ट उद्योग निरिक्षणको क्रममा

तस्विर नं.६: श्री शक्ति मिनरल्स प्रा.लि.को उत्पादनको अवस्था

तस्विर नं.७: विशेष आर्थिक क्षेत्रभित्र विस्तार ग्लोवल प्रा.लि.उद्योगको निरिक्षणको क्रममा